**डेंगीबाट बचौं र बचाऔं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांसपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्यधिक टाउको दुख्नु,
- शरीरमा राता बिमिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु।

यस्ता लक्षणहरू देखापरेमा डेंगी हुनसक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

epratεekdaily.com



**जनहितमा जारी सन्देश**

– देशभरि डेंगु रोग देखापरिरहेको छ। रोकथामका लागि लामखुट्टे नियन्त्रण गरौं। घर वा बाहिर कहीं–कतै पानी जम्न नदिउँ। बाल्टिन, टायर, गमला, एसी, कूलरमा पनि यसले फुल पार्छ। नियमित सरसफाइ गरौं। सतर्क रहौं र रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिने सोच विकसित गरौं।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय



❖ वर्ष ३७ ❖ २०८१ साउन ११ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 26 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२४


## दानमा दिने जग्गा जगरनाथपुर गापाले लिएन

प्रस, परवानीपुर, १० साउन/

पर्साको जगरनाथपुर गाउँपालिकाले करोडौं मूल्यको १८ कट्ठा जग्गा लिन चासो नदेखाएको गाउँलेहरूले आरोप लगाएका छन्।

गापाका वर्तमान जनप्रतिनिधिहरूको उदासीनताका कारण सो जग्गा लिन गम्भीरता नदेखाइएको पूर्व गापा अध्यक्ष जालीम मियाँले आरोप लगाए।

हिजो गापा परिसरमा आयोजित पत्रकार सम्मेलनमा मियाँ र गाउँलेहरूले यस्तो आरोप लगाएका हुन्।

नेकपा एमालेका नेतासमेत रहेका मियाँले आफूले पनि १० कट्ठा जग्गा दान गर्ने प्रतिबद्धता गरेको बताए। पहिले जैनुलिया धनुइनले दिने भनेको आठ कट्ठा र आफूले दिने १० कट्ठा गरी कुल १८ कट्ठा जग्गा गापाले रजिस्ट्रेशन पास गराउन चासो नदिएको उनले आरोप लगाए। गाविस हुँदा नै जगरनाथपुर–४ बस्ने स्व हाकिम मियाँकी भान्जाबुहारी जैनुलिया धनुइनको नाममा अपुतालीको आठ कट्ठा जग्गा पास भएको थियो। त्यसपछि गाउँका अगुवा र जनप्रतिनिधिहरूको सक्रियतामा सो जग्गा हाकिम मियाँको अंशियारले मात्र भोगचलन गर्न पाउने अथवा सार्वजनिक हितका लागि उपयोग गर्ने भनी जैनुलियाको नामबाट स्थानीय मन्शी मियाँ, रमतुल्लाह मियाँ, दशरथ राउत, अब्दुल गफुर मियाँ र रहमत मियाँका नाममा संयुक्तरूपमा आठ कट्ठा जग्गा पास भएको थियो।

त्यसपछि ती पाँचजनाले अदालतबाट दाखा खारेज गरी जनही एक कट्ठा १२ धुर जग्गा आआफ्नो नाममा व्यक्तिगत पुर्जा बनाए। व्यक्तिगत पुर्जा बनाइसकेपछि सो जग्गा बिक्री हुने भएकोले गाउँलेले अदालतमा मुद्दा दिए। सो मुद्दामा



गापा परिसरमा आयोजित पत्रकार सम्मेलनमा पूर्व गापाध्यक्ष जालीम मियाँलगायत गाउँलेहरू। तस्वीरः प्रतीक

अदालतले उनीहरूको व्यक्तिगत पुर्जा बदर गऱ्यो। २०७४ सालपछि स्थानीय तहको सरकार आएपछि जालीम मियाँ गापा अध्यक्षमा निर्वाचित भएर सोही आठ कट्ठा जग्गामा गापा कार्यालयको दुई तले भवन र प्राथमिक विद्यालय निर्माण गराएका थिए।

अहिले सोही भवनबाट गापाको कामकाज हुने गरेको छ। तर वर्तमान गापा नेतृत्वले करोडौं मूल्यको सो भौतिक संरचनालाई जीर्ण बनाउँदै गापा कार्यालय जगरनाथपुरको मसिहानीमा सार्ने आशङ्का बढेपछि वर्तमान निर्वाचित जनप्रतिनिधिहरूलाई ध्यानाकर्षण गराउन पूर्व गापाध्यक्ष मियाँले पत्रकार सम्मेलन गरेका हुन्। पाँचजना जग्गाधनीमध्येका रमतुल्लाका छोरा एवं वडा नं ४ का सदस्य नबी आलमले पटकपटक आफूहरूको सो जग्गा मालपोतबाट रजिस्ट्रेशन गराउन गापाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई भन्दा पनि कुनै सुनवाइ नगरेको आरोप लगाए।

अर्का जग्गाधनी रहमत मियाँले पनि जग्गापासबारेमा गापाध्यक्ष मौन रहेकाले आफूहरू द्विविधामा रहेको बताए। गापा कार्यालय सारिएमा आफूहरूले कडा विरोध गर्ने उनले बताए। एक ठाउँमा करोडौंको सम्पत्ति निर्माण भएपछि सोको संवर्द्धन र विकास गर्नुपर्नेमा आर्थिक भार बढाउनको लागि गापा कार्यालय सारिएको खण्डमा सो कार्य सहनीय नहुने उनले बताए। मसिहानी जगरनाथपुर गापाको पूर्वी क्षेत्र हो र सो क्षेत्रमा गापा कार्यालय सारिएमा गाउँवासीलाई निकै कठिनाइ हुने उनले बताए।

## धानबालीका लागि गण्डक नहरमा पानी आउने क्रम जारी

प्रस, परवानीपुर, १० साउन/

गण्डक नहरमा अहिले धानबालीको लागि भारतले पानी पठाएको छ। नारायणी सिंचाइ व्यवस्थापन कार्यालय, वीरगंजका सूचना अधिकारी सुरेश साहले



गण्डक नहरमा भारतले पानी पठाएको पुष्टि गरेका छन्। उनले यसपटक असार १३ गतेदेखि नै भारतले गण्डक नहरमा नेपालका लागि पानी पठाएको बताए। राष्ट्रिय धान दिवस असार १५ गते भएको र भारतीय पक्षलाई सो समयलाई लक्षित गरेर गण्डक नहरमा पानी पठाउन आग्रह गरिएको कारण असार १३ गतेदेखि गण्डक नहरमा पानी आएको बताए।

सूचना अधिकारी साहले असार १३ गते २५० क्युसेक पानी गण्डक नहरमा छाडिएको र त्यसपछि क्रमशः वृद्धि गर्दै अहिले ६५० क्युसेक पानी आइरहेको जानकारी गराएका छन्। भारतले सम्झौता अनुसार वार्षिक दुई सिजनमा गण्डक नहरमा ८५० क्युसेकका दरले पानी पठाउनुपर्छ। तर सम्झौता अनुसारको पानी नपाएको कारण पर्सा, बारा र रौतहट गरी तीन जिल्ला भएर बग्ने करीब ८१ किलोमिटर लामो गण्डक नहरमा पानी जानुपर्नेमा अहिले बारा जिल्लासम्म मात्र सीमित भएको उनले बताए। बाराको जमुनिया खोलानजीकसम्म मात्र गण्डक नहरको पानी जाने गरेको छ। गण्डक नहरमा असार १५ र माघ १५ गरी दुई सिजनमा धान र गहुँ बालीका लागि गण्डक नहरमा पानी पठाइन्छ।

सूचना अधिकारी साहले अहिले पर्सा जिल्लाका ४५ हजार हेक्टर र बारा जिल्लाका करीब ६० हजार हेक्टरमा धानबाली हुने गरेको र त्यहाँका किसानहरू सिंचाइका लागि गण्डक नहरमा आश्रित रहेको बताए।

## केबिसी जितेका सुशील कुमार १३ वर्षपछि शिक्षण गर्दै

प्रस, परवानीपुर, १० साउन/

सन् २०११ मा भारतीय लोकप्रिय अभिनेता अमिताभ बच्चनले सञ्चालन गर्ने टेलिभिजन कार्यक्रम 'कौन बनेगा करोडपति'का विजेता अहिले शिक्षण पेशामा आबद्ध भएका छन्।

भारत, बिहार, मोतिहारी निवासी सुशील कुमार रक्सौलमा आयोजित एक कार्यक्रममा आएका थिए। निकै चर्चित कार्यक्रम केबिसीको विजेता भएर उनले त्यस बेला भारु पाँच करोड जितेका थिए। भारु पाँच करोडमध्ये डेढ करोड भारत सरकारलाई आयकरबापत बुझाएर उनको खातामा भारु साढे तीन करोड आएको थियो।

बिहार लोकसेवा आयोगको तयारी गरिरहेका त्यस बेलाका विद्यार्थी सुशील सो कार्यक्रमपश्चात् रातारात करोडपति बनेको कुरा निकै चर्चित थियो। नवविवाहित सुशीलको जीवनमा भारु साढे तीन करोड जित्दा खुशीको ठेगाना थिएन। त्यसपछि आफ्नो जीवनस्तर निकै बदलिएको उनी बताउँछन्।

अहिले पनि सो रकमबाट घरजग्गा र परिवार चलाइरहेको उनी बताउँछन्।



कौन बनेगा करोडपति विजेता सुशील कुमार। तस्वीरः प्रतीक

भारत, बिहारको पूर्वी चम्पारण, मोतिहारी जिल्लाको पहाडपुरमा डेढ वर्ष अगाडि प्लस टु साइकोलोजी शिक्षकको रूपमा परीक्षा पास गरेर सरकारी जागीरे छन्।

शुरूमा विद्यालय जाँदा कसैलाई मेर ोबारेमा थाहा थिएन उनले भने। पछि विद्यालयका शिक्षकहरूले पाँच करोड जितेका सुशील शिक्षकमा नियुक्त भएर आएको चर्चा गरेपछि विद्यार्थीहरूले आफूलाई चिनेको उनी बताउँछन्। पैसा

(बाँकी अन्तिम पातामा)

## कर्तव्य–ज्यानको अभियुक्त छुटेपछि पीडित पुनः उच्च अदालतमा

जीतलाल श्रेष्ठ, निजगढ, १० असार/

ज्यान मार्ने मनसायले मध्यरातमा खुकुरी प्रहार गर्ने व्यक्तिविरुद्ध साउन ४ गते शुक्रवार बारा जिल्ला अदालतमा थुनछेक बहसका क्रममा घटनामा संलग्न भनिएका गुजरा नगरपालिका–४ रौतहट बस्ने ५४ वर्षीय मन्सुर भनिने मनोज राजवंशी दुई लाख रुपियाँ धरौटीमा छुटेपछि पीडितले पुनः पुनरावेदनको माग गरेका छन्।

खुकुरी प्रहारबाट गम्भीर घाइते भएका पीडित निजगढ–१२ रामथलीका ४० वर्षीय भीमलाल गोलेको तर्फबाट सोही ठाउँका नरेन्द्र लुङ्वाले राजवंशीविरुद्ध सोमवार उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा मुद्दा पुनरावेदन दिएका छन्। पीडितले पुनरावेदन दिएसँगै निषेध गरिएको बारा जिल्ला सरकारी वकील धर्मराज पौडेलले जानकारी दिए।

न्यायाधीश नरेन्द्रबहादुर बुढाको इजलासले उक्त धरौटी रकम माग गरी तारेखमा मनोजलाई छोड्ने आदेश दिएसँगै गोलेले उच्च अदालतमा पुनरावेदन गरेका हुन्। गत असार ४ गते मङ्गलवार मध्यरातमा गोले खुकुरी प्रहारबाट गम्भीर घाइते भएका थिए।

आफन्त, छिमेकीका घरमा आउनेजाने, गाउँबस्तीमा कपडा व्यापार गर्ने भएकाले खुकुरी प्रहार गर्ने मनोजलाई सजिलै चिनेको घाइते गोलेले बताए।

घटनाको दुई दिनपछि मनोज राजवंशीलाई इलाका प्रहरी कार्यालय, निजगढले चन्द्रनिगाहपुरबाट पक्राउ गरी अनुसन्धान थालेको थियो।



घाइते भीमलाल गोले

गाउँघरमा सिरक, डसना बनाउने र पछिल्लो समय मोटरसाइकलमा कपडा बिक्री गर्दै आएका मनोज घाइते गोलेको घरनजीकैको आफन्त छिमेकीसँग मित साइनो लगाइ बस्दै आएका थिए। केही महीना अघि घरबेटी महिलासँगै जिलेबी खाएको दृश्य गोलेले मोबाइलमा रेकर्ड गरेको निहुँमा आफूमाथि खुकुरी प्रहार गरेको घाइते गोलेले बताए।

## पटेलनगरमा आँखा शिविर सम्पन्न



तस्वीरः प्रतीक

प्रस, परवानीपुर, १० साउन/

जिल्ला प्रहरी कार्यालय, पर्साको आयोजनामा वीरगंज–२१ पटेलनगरमा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ।

ग्रेट पिस इङ्गलिश बोर्डिङ स्कूल परिसरमा आयोजित शिविरको उद्घाटन वडा प्रहरी कार्यालय, श्रीपुरका प्रहरी निरीक्षक धर्मजङ्ग थिङले गरेका थिए। विद्यालयका प्रधानाध्यपक श्रवणकुमार पटेलको अध्यक्षतामा भएको कार्यक्रममा जिप्रका, पर्साकी प्रनि नीता थापा, प्रहरी चौकी परवानीपुरका प्रनानि यमनाथ पनेरु, शिक्षक कृष्ण कुशवाहा, अभिभावक पन्नालाल यादवलगायत शिक्षक, कर्मचारीहरूको सहभागिता थियो। वीरगंज सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा १५० जना छात्रछात्रा तथा स्थानीयहरूको आँखा परीक्षण भएको अस्पतालका संयोजक महेशसिंह धामीले बताए।

## विपी स्मृति दिवसमा ज्येष्ठ नागरिक सम्मान

प्रस, वीरगंज, १० साउन/

४२औं बिपी स्मृति दिवसको अवसरमा बिहीवार नेपाल राष्ट्रिय विद्यापीठ माविमा ज्येष्ठ नागरिक सम्मान तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। नेपाली काङ्ग्रेस, वडा नं ११ को आयोजनामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य श्याम पटेलले रामपति बरई, जीतेन्द्रपुरुष ढकाल, खुदी महतो,

(बाँकी अन्तिम पातामा)



तस्वीरः सौजन्य

## विचारसार र सूक्तिहरू

**सास र विश्वास फरक–फरक शब्द भएपनि असर एकजस्तो हुन्छ। सास गयो भने जीवन समाप्त हुन्छ, विश्वास गयो भने सङ्गत समाप्त हुन्छ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# अनधिकृत सञ्चालन रोकियोस्

**भारतीय सवारीसाधनहरू नेपालमा निर्बाध सञ्चालनमा छन् । खासगरी सीमावर्ती क्षेत्रहरूमा भारतीय सवारीसाधनहरूको निर्बाध सञ्चालन भएको पाइन्छ। जबकि नेपालमा उनीहरूको सञ्चालन कार्यविधि छ र सोअनुरूप भारतीय सवारीसाधनहरू सञ्चालन हुनुपर्ने हो । कार्यविधि अनुसार मालवाहक सवारीसाधनहरूको हकमा मालवस्तु आयात भएर आउँदा भाडाका भारतीय सवारीसाधनहरू अनलोड गरेर फर्कनेसम्मको अवधिसम्म नेपालमा बस्न सक्छन्। त्यसको लागि भन्सार बिन्दुमा उनीहरूको प्रवेश दर्ता र फिर्ता भएको दिन गणना गरिन्छ र तोकिए अनुसारको राजस्व तिर्नुपर्ने हुन्छ । निजी सवारीसाधनहरूको हकमा भने चार चक्के जीपकार, भ्यान र दुई चक्के मोटरसाइकलहरू भन्सार बिन्दुमा तोकिए अनुसारको राजस्व तिरेर सो समयावधिसम्म बस्न पाउने व्यवस्था छ । यसका अतिरिक्त चार र दुई चक्के सवारीसाधनहरू भने सीमावर्ती बजार क्षेत्रसम्म दैनिक दर्ता गरेर प्रवेश पाउने गरेका छन। यसरी प्रवेश हुने सवारीसाधनहरू भने दैनिक रातिको १० बजेसम्म भारत फिर्ता भइसक्नुपर्छ। नेपाली सवारीसाधनहरू भने भारतीय सीमा क्षेत्रको रेलवे र हवाई अड्डासम्म जान सक्ने तथा त्यसभन्दा टाढा जानुपर्ने भए भाडा अथवा निजी सवारीसाधनहरूले भारतीय राजदूतावास र महावाणिज्य दूतावासबाट बैंक ग्यारेन्टीसहितको आवश्यक कागजात पेश गरेर इजाजत लिएर मात्र जान पाउँछन् ।**

**वीरगंज–रक्सौल क्षेत्रको कुरा गर्ने हो भने पहिले रक्सौलस्थित रेलवे ढालासम्म नेपाली तीन पाङ्ग्रे सवारीसाधनहरू जाने गरेका थिए । अहिले पुलवारि नै रोकिन्छन् । भारतीय तीन पाङ्ग्रे सवारीसाधनहरू ईरिक्शा, टेम्पो वीरगंज प्रवेश गर्न पाउँदैनन् । तर पनि चार चक्के र दुई चक्के सवारीसाधनहरू भने पर्सा जिल्लाभरि भन्सारमा दर्ता नगरीकनै निर्बाध सञ्चालन छन्। सीमा क्षेत्रदेखि जिल्लाका विभिन्न पालिकाहरूमा भारतीय सवारीसाधनहरूको निर्बाध आवागमन छ । यसमा कतिपय सवारीसाधनहरू नेपाली नागरिकले पनि प्रयोग गर्दै आएका पाइन्छन् । भारतमा सवारीसाधनहरू सस्तोमा पाइने तर नेपालमा भन्सार दस्तुर तिरेर भित्र्याउँदा तेब्बर बढी मूल्य पर्ने हुँदा सीमा क्षेत्रका नेपाली बस्तीमा भारतीय सवारीसाधनहरूको प्रयोग बढेको हो । भन्सार र सशस्त्र तथा जनपद प्रहरीले भारतीय सवारीसाधनहरूको अनधिकृत प्रयोगमा अङ्कुश लगाउन सकेको छैन। पर्सा जिल्लामा नेपाली सवारीसाधनभन्दा बढी भारतीय सवारीसाधनहरू प्रयोगमा रहेका पाइन्छन् । केही समयदेखि शङ्कराचार्यद्वार वारि र पारि भारतीय सवारीसाधनहरूको अघोषित पार्किङ बढ्दो छ ।**

**सीमा सुरक्षाको जिम्मेवारी पाएको सशस्त्र र सुरक्षा जाँचको जिम्मेवारी पाएको जनपद प्रहरीलाई यसबारे अनभिज्ञ छैनन् । तर थोरै नजरानामा उनीहरूले आआफ्नो जिम्मेवारीलाई बन्धक बनाएका कारण भारतीय सवारीसाधनहरूको अघोषित पार्किङ अहिले मौलाएको छ । यसै पनि सस्तो मूल्यमा भारतीय सवारीसाधनहरू उपलब्ध हुनाले नेपाली व्यवसायीहरू उनीहरूसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा छैनन्। यस्तोमा नियम कानूनविपरीत सञ्चालनमा रहेका भारतीय सवारीसाधनहरूलाई निरुत्साहित नगर्ने हो भने नेपाली व्यवसायीहरूको लगानी डुब्नेछ । तसर्थ कानूनविपरीतका कार्य रोक्न आवश्यक छ ।**

# भारतको बढ्दो वैश्विक महत्त्वाकाङ्क्षा

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**अब अमेरिका लगायत पश्चिमा देशहरूको आन्तरिक मामिलामा पनि कठोर टिप्पणी गर्न नचुक्ने भारत अब लोकतन्त्र र मानव अधिकारको सवालमा अमेरिका र युरोपलाई पनि जस्तालाई त्यस्तै भाषामा जवाफ फर्काउने गरेको छ। भारतलाई विश्वको महाशक्ति बनाउने मोदीको महत्त्वाकाङ्क्षा अवश्य पनि सम्भव छ।**

दक्षिण छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको तेस्रो कार्यकाल पनि यस अघिका दुई कार्यकालकै निरन्तरता रहने निश्चित छ। आफ्नो पहिलो कार्यकालमा देशको आन्तरिक सुरक्षा बलियो पार्नु, घरेलु समस्याहरूको समाधान गर्नु र आर्थिक प्रगतिको कार्यलाई थप बलियो बनाउने दिशामा केन्द्रित थियो भने उनको दोस्रो कार्यकाल वैश्विक राजनीतिमा मोदीले आफ्नो भूमिका र एशियालाई प्रभावकारी बनाउँदै गए । यसले गर्दा देशभित्र उनको छवि भारतलाई विश्वगुरु बनाउने बलियो नेताको रूपमा स्थापित हुन गएको छ । कतिपयले उनलाई नै विश्वनेताको रूपमा हेर्न पनि थाले, भारतले जी–२० को अध्यक्षता पाउनु, त्यसको सफल आयोजना गर्नु र अन्तर्राष्ट्रिय मञ्चहरूमा उनको बढ्दो भूमिकाले मोदीको अन्तर्राष्ट्रिय महत्त्वाकाङ्क्षाले चाँडै मूर्तरूप लिने सम्भावना पनि देखिन्छ।

सन् २०१४ को पहिलो कार्यकालमा देशभित्र लोकप्रिय बनेका मोदी, सन् २०१९ मा देशबाहिर पनि लोकप्रिय बनेका थिए। अन्तर्राष्ट्रिय मञ्चहरूमा भारतको धारणालाई प्रभावकारीरूपमा उठाउने मामिलामा पनि उनी र उनी नेतृत्वको सरकार सफल रहे। गत महीना सम्पन्न आमनिर्वाचनको परिणाम अनुसार मोदीलाई बहुमत सरकार बनाउने जनादेश त भारतका जनताले दिएनन् तर आउँदो पाँच वर्षसम्म नै उनको सरकार टिकिरहने निश्चित छ। तेस्रो कार्यकालमा मोदी सरकार झन् आक्रामक हुने सम्भावना व्यक्त गरिन्छ। उत्तरी छिमेकी चीनमा सी जिनपिङ र भारतमा मोदीको यो तेस्रो कार्यकाल हुनेछ। चीनमा त चुनाव नै हुँदैन, एकदलीय व्यवस्था छ। जबकि रूसमा भने भ्लादिमिर पुटिन बाँचुन्जेल राष्ट्रपति रहने निश्चित छ। मोदीको तेस्रो कार्यकालमा पनि 'छिमेकी पहिलो' भारतको नीति निश्चित नै रहनेछ। उनको शपथग्रहण कार्यक्रममा सार्कका अधिकांश नेताको उपस्थिति यसका प्रमाण हुन् । वैश्विकजगत्मा कायम चुनौतीको सामना गर्नमा पनि उनी सक्षम हुने सम्भावना व्यक्त गरिंदैछ । भूराजनीतिक परिस्थिति तथा समस्याहरू ज्यूँका त्यूँ रहेकाले तेस्रो कार्यकालमा त्यसको सामना गर्दै वैश्विक मञ्चमा बलिया नेताको रूपमा उपस्थित हुन मोदीलाई कठिनाइ नहुने व्यापक ठम्याइ रहेको छ।

रूस र युक्रेनबीचको युद्ध केही समयका निम्ति मोदीको आग्रहमा नै रोकिएको थियो भन्ने विषयले त्यति बेला आम चर्चा पाएको थियो। अहिले पनि रूस–युक्रेन युद्ध सकिएको छैन । दुवै देशसित राम्रो सम्बन्ध राख्ने र निर्णायक भूमिका निर्वाह गर्न सक्ने क्षमताका नेता नरेन्द्र मोदी मात्रै हुन सक्छन्। इजरायल–गाजा युद्धको अवस्था पनि कमोवेश त्यस्तै छ। यहाँ पनि मोदीकै भूमिका प्रभावकारी साबित हुन सक्छ । रूस–युक्रेन र इजरायल–गाजा युद्धका कारण विश्वव्यापीरूपमैं महँगी बढेको छ । महँगीको चुनौती सबैका निम्ति चिन्ताको विषय हो। बावजूद भारतले धेरै हदसम्म आफ्नो देशमा महँगी बढ्न दिएको छैन।

मोदी सरकारको 'छिमेकी पहिलो' नीति विगत ११ वर्षदेखि कार्यान्वयनमा छ । सन् २०१४ मा पहिलोपटक उनले प्रधानमन्त्री पदको शपथ लिंदा दक्षिण एशियाका आठवटै देशका प्रधानमन्त्री/राष्ट्रपतिलाई बोलाएका थिए। यसपटक पनि पाकिस्तानबाहेक सार्कका प्रायः सबै सदस्य राष्ट्रपति/प्रधानमन्त्रीहरू मोदीको शपथग्रहणमा आमन्त्रित थिए। मोदी सरकारको छिमेकी पहिलो नीतिको लाभ पनि सार्कका सदस्य राष्ट्रहरूले प्राप्त गर्दै आएका छन्। खासगरी कोभिड–१९ को भीषण प्रकोपको बेला भारतले अग्रसरता लिई सार्कका सदस्य राष्ट्रहरूसित निरन्तर संवाद कायम गरी स्वास्थ्य सामग्री, औषधि र खोप (अधिकांश निश्शुल्क) उपलब्ध गराएको थियो । यसले जन धनको ठूलो क्षति हुनबाट जोगिएको थियो।

भनिन्छ, छिमेकी, पारिवारिक सदस्य र हिस्सेदारहरूलाई तपाईंले जतिसुकै सहयोग गरे पनि उनीहरूले तपाईंको विरोध गर्छन् नै । भारत पनि यसबाट अपवाद छैन र भारतले पनि समयसमयमा आफ्ना छिमेकीहरूको विरोधको सामना गर्नुपर्छ। दक्षिण एशियामा चीनले पनि आफ्नो भूमिकालाई बढाउँदै गएको छ, जुन अवश्य नै भारतको निम्ति पनि चिन्ताको विषय हो।

श्रीलङ्कामा हिन्दू (तमिल)हरूको विरोधमा आधारित एक धर्म, एक जाति र एक भाषाको पृष्ठपोषण गर्ने राष्ट्रवादले अन्ततः श्रीलङ्काको राजापाक्षे परिवारलाई परिवारवादको राजनीति गर्न प्रोत्साहित गर्‍यो। राष्ट्रवादको नाममा सबैभन्दा बढी फल्ने र फुल्ने भनेको परिवारवाद नै हो। परिवारवाद नै भ्रष्टाचारको जननी हुन्छ। श्रीलङ्कामा त्यही राष्ट्रवाद, परिवारवाद र भ्रष्टाचारले अन्ततः देशलाई आर्थिकरूपमा कङ्गाल मात्रै बनाएन, चिनियाँ ऋणको पासोमा समेत पार्‍यो। अहिले ९९ वर्षको निम्ति उसको हम्बनटोटा बन्दरगाह चीनको अधीनमा छ । ठूलो आर्थिक सङ्कटमा परेको श्रीलङ्कालाई अन्ततः भारतकै सहयोगले राहत प्रदान गर्‍यो र बिस्तारै बिस्तारै श्रीलङ्का पुरानो अवस्थामा फर्किन थालेको छ।

अवस्था माल्दिभ्सको पनि श्रीलङ्काभन्दा पृथक छैन । गत वर्षको अन्त्यमा माल्दिभ्समा सत्ता सम्हालेका मोहम्मद मुइज्जुले पनि राष्ट्रवादको कार्डलाई अगाडि बढाएर त्यहाँको शासन सत्तामा आफ्नो एकाधिकार कायम राख्न चाहे । यसको निम्ति उनलाई कुनै निरङ्कुश शासकको समर्थन चाहिएको थियो, जुन भारतबाट सम्भव थिएन । माल्दिभ्स पनि बिआरआई अन्तर्गत ऋण लिन व्यग्र देखिएको थियो । चीनलाई पनि माल्दिभ्स जस्तो देश रणनीतिक र कूटनीतिक दुवै दृष्टिकोणले लाभदायक लागेको थियो र माल्दिभ्समा पनि चीनले आफ्नो भूमिका बढाउन थाल्यो । माल्दिभ्सलाई यस कुराको राम्ररी अनुभूति छ कि ऊ पनि चिनियाँ ऋणको पासोमा पर्न सक्छ तर माल्दिभ्सको सत्तामा रहिरहन भरसक भारतको विरोध नै अचूक अस्त्र हुन सक्छ भन्ने ठम्याइँ मोइज्जुको रहेको हुन सक्छ । यद्यपि माल्दिभ्सलाई पनि भारतले समयसमयमा सहयोग गर्दै आएको छ।

भुटान, नेपाल, बङ्गलादेश र अफगानिस्तानसित भारतको राम्रो सम्बन्ध छ । अहिले श्रीलङ्कासित पनि भारतको राम्रो सम्बन्ध नै छ । माल्दिभ्ससितको सम्बन्धमा उतारचढाव आउने गरेको छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको आकर्षक लक्ष्यद्वीपको समुद्र किनारमा भ्रमण गरेसँगै माल्दिभ्स झस्किएको हो। मोदीको लक्ष्यद्वीप भ्रमणले माल्दिभ्सको पर्यटन व्यवसाय धराशयी हुने ठहर माल्दिभ्सको रहेको छ।

विगतका दिनमा चीनको ठूलो सैन्य क्षमता, चिनियाँ जनमुक्ति सेना (पिएलए)बारे गरिएको अत्यधिक र उच्च प्रशंसाका कारण कुनै पनि देशका सैनिकहरू चिनियाँ सेनासित सोझो प्रतिस्पर्धा गर्न चाहँदैनन् तर जबदेखि भारतले भुटानको डोक्लाममा र भारतकै लद्दाख सीमा क्षेत्रमा चिनियाँ सेनाको कडा प्रतिकार गरेको छ र चिनियाँ सेना त्यहाँबाट फिर्ता हुने अवस्था सृजना भयो। यसले भारत र चीनबीचको विवादलाई झन् बढाएको छ तथा चीनले अब भारतलाई आफ्नो ठूलो चुनौती मान्न थालेको छ। भारतसित सोझैं प्रतिस्पर्धा गर्ने अवस्था नआओस् भने रणनीति चीनको पनि रहेको छ । हिन्द–प्रशान्त क्षेत्रमा र समग्र एशियामा नै अमेरिका–भारत अमेरिका–जापान मित्रताले चीनको निम्ति चुनौती थपिदिन सक्छ।

चीनसँगको तनाव र पाकिस्तानलाई छाडेर हेर्ने हो भने भारतले आफ्ना छिमेकीहरूसँगका सम्बन्धलाई विशेष महत्त्व दिन खोजेको देखिन्छ र सम्भव सहयोग पनि गर्ने गरेको छ। श्रीलङ्काको आर्थिक सङ्कटमा भारतको सहयोग, अफगानिस्तानसँग कूटनीति सम्बन्ध नजोडिए पनि मानवतालाई देखाएर खाद्यान्न तथा औषधि सहयोग दिएर आफ्नो पोल्टामा पार्नु, बङ्गलादेशको द्विपक्षीय सम्बन्धलाई बलियो बनाउँदै लग्नु र नेपालसँग ऊर्जा व्यापार तथा कनेक्टिभिटीलगायत विषयलाई प्राथमिकता दिएर आफ्नो सम्बन्धलाई सुदृढ बनाएको छ। मोदीको शपथग्रहण समारोहमा मोइज्जुको आगमनले भारत–माल्दिभ्स सम्बन्धमा पनि अब त्यति बढी कटुता नरहेको मान्न सकिन्छ । छिमेकीलाई साथमा लिएर मात्रै भारतले वैश्विक हितलाई पूरा गर्न सक्ने र वैश्विक शक्ति बन्न सक्ने ठम्याइ कतिपय विश्लेषकहरूको रहेको छ। भारतलाई विश्वको तेस्रो आर्थिक शक्ति बनाउने दिशामा अग्रसर मोदी सरकारले सन्तुलित र विनम्र विदेश नीति बनाउनुपर्ने सुझाव त्यहाँको सरकारविरोधी विश्लेषकहरूको धारणा छ। जबकि मोदी भने समानतामा आधारित सम्बन्धमा बढी विश्वास राख्ने नेता मानिन्छन्। न कसैलाई डराउने, न त कसैसित डर्ने नीतिलाई उनी आफ्नो मूलमन्त्र ठान्छन् । छिमेकीसँगको सम्बन्धमा सुधार, चीनको प्रभाव र विस्तार न्यूनीकरण, अमेरिकासहित पश्चिमा देशहरूसँगको सम्बन्धमा सन्तुलन तथा रूससँगको परम्परागत मित्रता जोगाइराख्ने लक्ष्य नै मोदी सरकारको हुन सक्छ। वैश्विक मञ्चमा विभिन्न चुनौतीको सामना गर्दै भारत विश्वशक्ति बन्ने सम्भावना देखिन्छ। मोदीको तेस्रो कार्यकाल पनि विगतका दुई कार्यकालको निरन्तरता नै हुनेछ । अब अमेरिका लगायत पश्चिमा देशहरूको आन्तरिक मामिलामा पनि कठोर टिप्पणी गर्न नचुक्ने भारत अब लोकतन्त्र र मानव अधिकारको सवालमा अमेरिका र युरोपलाई पनि जस्तालाई त्यस्तै भाषामा जवाफ फर्काउने गरेको छ। भारतलाई विश्वको महाशक्ति बनाउने मोदीको महत्त्वाकाङ्क्षा अवश्य पनि सम्भव छ।

# एक वर्षमा नौ परियोजनाका लागि करीब तीन खर्ब लगानी स्वीकृत

काठमाडौं, १० साउन/रासस

लगानी बोर्डले आर्थिक वर्ष २०८०/८१ मा नौवटा परियोजनाका लागि रु दुई खर्ब ७१ अर्ब लगानी स्वीकृत गरेको छ । बिहीवार लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले प्रधानमन्त्री एवं लगानी बोर्डका अध्यक्ष केपी शर्मा ओलीसमक्ष आर्थिक वर्ष २०८०/८१ मा भएका कार्यसम्पादन करारबमोजिमको कार्यसम्पादन प्रतिवेदनमा सो रकम बराबरको लगानी स्वीकृत भएको उल्लेख छ।

सार्वजनिक–निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को नियम ८ बमोजिम गत आवका लागि बोर्डको रणनीतिक योजनाका चारवटा स्तम्भ अन्तर्गत चयन गरिएका ६० वटा क्रियाकलापको समय सारिणीसहितको मापनयोग्य सूचकका आधारमा कार्यसम्पादन करार गरिएको थियो।

रणनीतिक योजनाका चारवटा स्तम्भ परियोजना विकास तथा व्यवस्थापन, लगानी प्रवर्द्धन, संस्थागत विकास, समन्वय, सहकार्य र साझेदारीमा केन्द्रित रही सम्पादन गरिएका कार्यको प्रगति विवरण समेटिएको उक्त प्रतिवेदनमा तोकिए अनुसारका सम्पूर्ण सूचक पूरा भई शतप्रतिशत कार्यसम्पन्न भएको लगानी बोर्डको भनाइ छ।

"यस अवधिमा नौवटा परियोजनाका लागि रु दुई खर्ब ७१ अर्ब २६ करोड बराबरको लगानी स्वीकृत भएको छ," प्रतिवेदनमा उल्लेख छ, "बोर्डबाट भएको प्रभावकारी समन्वय र सहजीकरणको परिणामस्वरूप गत जेठ २२ मा अरुण तेस्रो जलविद्युत् परियोजनाको 'हेडरेस टनेल'का 'ब्रेकथ्रु' भएपश्चात् उक्त परियोजनाको जेनेरेसनतर्फ ७५ प्रतिशतभन्दा बढी निर्माण सम्पन्न भएको छ भने ट्रान्समिसन लाइनतर्फ ३८ दशमलव २१ प्रतिशत निर्माण कार्यप्रगति भएको छ।"

बोर्डका सहसचिव तथा प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले तल्लो अरुण जलविद्युत् परियोजनाको जग्गाप्राप्ति शुरू भएको र माथिल्लो त्रिशूली–१ जलविद्युत् परियोजनाको निर्माण तीव्रगतिमा अगाडि बढिरहेको जानकारी दिए । "अपर मर्स्याङ्दी–२ जलविद्युत् परियोजना, सौर्य ऊर्जा परियोजना (२५० मेगावाट कोहलपुर र बाणगङ्गा) र दमक क्लीन इन्डस्ट्रियल पार्कको सम्बन्धमा भने परियोजना विकास सम्झौताको मस्यौदा तयार गरी विकासकर्तासँग वार्ताको चरणमा रहेको छ," उनले भने, "डाबर नेपालको क्षमता वृद्धि/उत्पादन विविधीकरण परियोजनाको लगानी सम्झौताको मस्यौदा तयार भई वार्ताको चरणमा रहेको छ । साथै रासायनिक मल कारखानाको विस्तृत सम्भाव्यता अध्ययन गर्न जर्मनीसँग समझदारी भएकोमा उक्त कम्पनीबाट प्रारम्भिक अध्ययन प्रतिवेदन प्राप्त भइसकेको छ।"

उनका अनुसार यसका साथै वीरेठाँटी–मुक्तिनाथ केवलकार परियोजनाको विस्तृत परियोजना प्रतिवेदन मूल्याङ्कन भइरहेको छ भने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा सिफारिश गरिएको छ।


पश्चिम सेती र सेती नदी–६ जलविद्युत् परियोजनाको एमओयू बमोजिम विकासकर्ताले पश्चिम सेती जलविद्युत् परियोजनाको मस्यौदा विस्तृत परियोजना प्रतिवेदन बोर्डको कार्यालयमा

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८



# अर्थ - उद्योग - वाणिज्य



## आर्थिक विकासका लागि कस्तो व्यवस्था उपयुक्त हुन्छ ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**आर्थिक विकासको लागि राजनीतिक व्यवस्था गौण कुरा हो। आर्थिक विकास तीव्र गतिमा गर्न हाम्रो मनोविज्ञान सकारात्मक हुन जरुरी छ। हिंसा, सङ्घर्ष र युद्धद्वारा कुनै समस्याको समाधान खोज्ने बानी हामीले परित्याग गर्नैपर्छ, यदि राष्ट्रको आर्थिक विकास तीव्र गतिमा गर्ने हो भने।**

राजनीतिक व्यवस्था र आर्थिक विकासबीच सम्बन्ध छ कि छैन ? यसैगरी कुनै पनि राष्ट्रको आर्थिक विकासका लागि त्यस देशमा कुन किसिमको राजनीतिक व्यवस्था आवश्यक पर्छ ? प्रजातान्त्रिक राजनीतिक प्रणाली भएको देशले तीव्र गतिमा आर्थिक विकास गर्छ वा साम्यवादी राजनीतिक प्रणाली भएको देशले ? कुनै पनि देशको आर्थिक विकासको सन्दर्भमा यी प्रश्नहरू अति महत्त्वपूर्ण छन्। यी प्रश्नहरूमाथि अहिले अमेरिका एवं युरोपका धनी राष्ट्रका अर्थशास्त्रीहरूले समेत चिन्तन–मनन गर्न थालेका छन्।

माथिका प्रश्नहरूको उत्तर खोज्नु पूर्व केही राष्ट्रको चर्चा गरौं जहाँको राजनीतिक प्रणाली प्रजातान्त्रिक छ। यसैगरी केही यस्ता राष्ट्रको पनि चर्चा गरौं जहाँ राजनीतिक प्रणाली साम्यवादी वा समाजवादी छ।

ग्रीसका एथेन्सका नागरिकहरूले प्रजातन्त्रको परापूर्वकालमा नै प्रयोग गरेको पाइन्छ। एथेन्सलाई विश्वको पहिलो प्रजातन्त्रको अभ्यास गर्ने स्थलको रूपमा लिने गरिन्छ। यसैगरी रोमनहरूले पनि सयौं वर्ष पहिले प्रजातन्त्रको अभ्यास गरेको पाइन्छ। बेलायतको प्रजातन्त्रलाई पनि प्रचीन प्रजातन्त्र मान्ने गरिन्छ। संयुक्त राज्य अमेरिकाको प्रजातन्त्रलाई आधुनिक युगको पुरोनो र राम्ररी कार्य गरिरहेको प्रजातन्त्र मान्ने गरिन्छ। जनसङ्ख्याको हिसाबले हेर्ने हो भने संसारको ठूलो प्रजातन्त्र भारतमा छ। कस्तो प्रादेशिक एवं केन्द्रीय सरकर निर्माण गर्ने भनी करोडौं भारतीय मतदाताले मत जाहेर गर्छन्। आफ्नो इच्छा अनुसार सरकार निर्माण गर्छन्। संयुक्त राज्य अमेरिकाको एक्लो उदाहरण छाडेर हेर्ने हो भने नयाँ वा पुराना प्रजातान्त्रिक देश हुन् वा संसारको नै सर्वाधिक ठूलो प्रजातन्त्र भएको देश (भारत) होस्, आर्थिक विकासको गतिको आधारमा हेर्ने हो भने ती राष्ट्रहरूले चमत्कारी किसिमले आर्थिक प्रगति गरेको मान्न सकिंदैन। प्रचीनकालदेखि प्रजातन्त्रलाई व्यवहारमा प्रयोग गर्दै आएको इटाली (रोम) र ग्रीसले त चमत्कारी किसिमले आर्थिक प्रगति गर्नुपर्ने होइन र ? यसैगरी भारतले त झनै बढी विकास गर्नुपर्ने थियो, किनभने त्यहाँ प्रजातन्त्र पनि छ, जनसङ्ख्या पनि ठूलो छ। अदक्ष, अर्धदक्ष र दक्ष जनशक्तिको कुनै कमी छैन।

आर्थिक विकासको गतिको विश्लेषण गर्दा आफ्नो देशको राजनीतिक व्यवस्था प्रजातान्त्रिक भए तापनि धेरै राष्ट्रले अपेक्षित गतिमा आर्थिक विकास गरेको देखिंदैन। उनीहरूले गरेको आर्थिक प्रगतिको दर सुस्त छ। यो तथ्यलाई दृष्टिगत गर्दा के कुरा छर्लङ्ग हुन आउँछ भने आर्थिक विकास गर्नका लागि राजनीतिक व्यवस्था प्रजातान्त्रिक भएर मात्र हुने रहेन छ।

परम्परागत मान्यता र बहुसङ्ख्यक व्यक्तिको विश्वासले के भन्छ भने कुनै पनि देशले आर्थिक विकास गर्नका लागि त्यस देशको राजनीतिक व्यवस्था प्रजातान्त्रिक हुन आवश्यक छ। अर्थात् कुनै पनि राष्ट्रले आफ्नो राजनीतिक व्यवस्थालाई प्रजातान्त्रिक नबनाएसम्म त्यस देशले आर्थिक विकास गर्न सक्तैन। सम्भव छैन।

आर्थिक विकास र प्रजातन्त्रबीचको सम्बन्धको कुरा गर्ने हो भने चीनले गरेको महान् आर्थिक उपलब्धिको चर्चा नगरी रहन सकिन्न। छुटाउन पनि पाइँदैन। चीनमा प्रजातन्त्र छैन। सरकार निर्माण गर्नका लागि प्रजातान्त्रिक बालिग मताधिकारमार्फत त्यहाँ निर्वाचन हुँदैन। चीनमा प्रजातन्त्र छैन। चलनचल्तीको भाषामा भन्ने हो भने चीनमा निरङ्कुश तन्त्र छ। चीनको शासन व्यवस्था केही सीमित व्यक्तिहरूको हातमा छ। कम्युनिस्ट पार्टीको हातमा छ। तर अचम्म ! चीनले चमत्कारी किसिमले आर्थिक प्रगति गरेको छ। केवल केही दशकभित्र चीन विश्वको दोस्रो ठूलो अर्थ व्यवस्था हुन सफल भएको छ। परम्परागत मान्यता अनुसार र चीनमा प्रजातन्त्र नभए अनुसार, चीन आर्थिक विकासको दौडमा ज्यादै पछाडि पर्नुपर्ने होइन र ? अनि भारत अग्र पङ्क्तिमा हुनुपर्ने होइन र ? चीनको चमत्कारी आर्थिक विकासले के पुष्टि गर्दछ भने देशको आर्थिक विकासका लागि राजनीतिक व्यवस्था अनिवार्यरूपमा प्रजातान्त्रिक हुनुपर्ने रहेन छ।

देशको आर्थिक विकासका लागि साम्यवादी, वा एकतन्त्रीय अथवा नियन्त्रणकारी राजनीतिक व्यवस्था उपयुक्त हुने रहेछ। चीनको आर्थिक विकासले यसै भनाइलाई पुष्टि गर्छ। तर यो भनाइमा पनि पूर्ण सत्यता छैन। यदि पूर्ण सत्यता हुँदो हो त उत्तर कोरियाले धेरै आर्थिक विकास गर्नुपर्ने थियो, किनभने उत्तर कोरियामा, तथाकथित नै भए तापनि, साम्यवादी राजनीतिक व्यवस्था छ। यसैगरी क्युबा, भेनेज्युएलाजस्ता देशहरू पनि आर्थिक विकासको पथमा दौडिरहेको हुनुपर्ने थियो। यी दुवै राष्ट्रहरूमा राजनीतिक व्यवस्था समाजवादी छ। भेनेज्युला र क्युबा दुवै गरीब राष्ट्र हुन्।

माथिको विश्लेषणको आधारमा के भन्न सकिन्छ भने कुनै पनि देशको आर्थिक विकासको लागि सर्वाधिक महत्त्वपूर्ण कुरा त्यस देशको जनताको मनोविज्ञान ठूलो रहेछ। त्यसपछि मात्र राजनीतिक व्यवस्था प्रजातान्त्रिक हुनु आवश्यक रहेछ। फरक–फरक किसिमको राजनीतिक व्यवस्था भए तापनि, चीनमा एकतन्त्रीय र संयुक्त राज्य अमेरिकामा प्रजातान्त्रिक राजनीतिक व्यवस्था भए तापनि, दुवै देशहरूले चमत्कारी किसिमले आर्थिक विकास गरेका छन्। कसरी चमत्कारी किसिमले आर्थिक प्रगति गरे त ? किनभने यी दुवै देशका नागरिकमा आफ्नो स्थान र राष्ट्रको द्रुतगतिमा आर्थिक विकास गर्नुपर्छ भन्ने चाहना छ र त्यसका लागि बलियो इच्छाशक्ति छ।

जनताको मनोविज्ञान सकारात्मक भएमा त्यसको असर राष्ट्रको आर्थिक विकासमा पनि सकारात्मक किसिमले पर्ने रहेछ। अमेरिका र चीन, दुवै देशका जनताको मनोविज्ञान सकारात्मक छ। सकारात्मक मनोविज्ञान भन्नाले यहाँ केवल आर्थिक विकासप्रति बलियो इच्छा शक्ति मात्र भन्न खोजिएको होइन, जातपात, तल्लो जाति, माथिल्लो जाति, छुत, अछूतजस्ता भावना सकारात्मक हुनु पनि भन्न खोजिएको हो। अर्थात् जातीय, वर्गीय, सामाजिक शोषण नहुनु पनि भन्न खोजिएको हो। जातीय कारणले गर्दा उत्पादनका साधनहरू ठूलो परिमाणमा, उच्च जातिहरूको हातमा नपर्नु पनि भन्न खोजिएको हो।

विश्वको ठूलो प्रजातन्त्र एवं अनेक स्रोत तथा साधनहरूले भरिपूर्ण भए तापनि भारतले अपेक्षित आर्थिक विकास गर्न नसक्नु र त्यहाँ गरीब र धनीबीचको खाडल ज्यादै ठूलो हुनुको मुख्य कारण जनताको मनोविज्ञान सकारात्मक नहुनु हो। अर्थात् उत्पादनका साधनहरू (भूमि, पूँजी ) ठूलो परिमाणमा तथाकथित उच्च जातिकाका हातमा हुनु हो। कमजोर वर्गको हातमा ज्यादै कम मात्रामा उत्पादनका साधनहरू हुनु हो। जातीय, वर्गीय एवं सामाजिक शोषणको इतिहास भारतमा ज्यादै प्रचीन छ। चीन र अमेरिका दुवै राष्ट्रमा ठूलो जातीय विभेद छैन। उत्पादनका साधनहरू केही सीमित ब्यक्तिहरूको हातमा मात्र, ठूलो परिमाणमा छैन।

राजनीतिक व्यवस्था नियन्त्रणकारी भए तापनि, शासन व्यवस्था केही व्यक्तिको हातमा भए तापनि, यदि नेताहरूमा इमानदारी छ, उनीहरू आर्थिक विकासप्रति समर्पित छन् भने पनि त्यस राष्ट्रले आर्थिक विकास गर्ने रहेछ। चीनको आर्थिक विकासले यो भनाइको पुष्टि गरिरहेको छ। राजनीतिक चरित्रको दृष्टिकोणले गर्ने हो भने चीनका नेताहरूमा तानाशाही प्रवृत्ति छ। केही नेताहरू मात्र लामो समयसम्म सत्तामा छन्। उदाहरणको लागि बहालबाला चिनियाँ राष्ट्रपति सि जिनपिङ सन् २००७ देखि नै शक्तिमा छन्, सत्तामा छन्। आउँदा वर्षहरूमा पनि उनी चीनको उच्च पदमा रहि नै रहनेछन्। सि मात्र होइन, चीनमा केही अन्य व्यक्ति पनि छन्, जो लामो समयदेखि सत्ता र शक्तिमा छन्। राजनीतिक स्थिति यस्तो हुँदा पनि चीनले चमत्कारी किसिमले आर्थिक प्रगति गरेको छ। यस्तो हुनुको मुख्य कारण चीनका नेताहरूमा तानाशाही प्रवृत्ति देखिए तापनि आर्थिक विकासप्रति उनीहरू समर्पित छन्। देशको आर्थिक विकास गर्न दत्तचित्त भएर लागेका छन्।

अफ्रिकी देशहरूको आर्थिक विकास तीव्र गतिमा हुन नसक्नुको मुख्य कारण पनि त्यहाँका जनताको मनोविज्ञान सकारात्मक नहुनु हो। जातीय, धार्मिक, सामुदायिक, अनेक किसिमका हिंसाको दलदलमा भासिएका अफ्रिककी देशहरू आर्थिक विकासको पथमा कछुवा चालले हिंडिरहेका छन्। धर्मको आधारमा देशको विभाजन (सुडान र दक्षिण सुडान) भएको छ। जातिको निहुँमा कंगोमा, हुटु र टुट्सीबीच भयानक सङ्घर्ष भएको छ। कुनै पनि देशको आर्थिक विकास तीव्र गतिमा हुनका लागि त्यस देशको जनताको मनोविज्ञान पनि सकारात्मक हुन आवश्यक छ। आर्थिक विकासको लागि राजनीतिक व्यवस्था गौण कुरा हो। प्रथम शर्त जनताको सकारात्मक मनोविज्ञान हो। नेपालको आर्थिक विकास तीव्र गतिमा गर्नका लागि हाम्रो मनोविज्ञान सकारात्मक हुन अति आवश्यक छ। हिंसा, सङ्घर्ष र युद्धद्वारा कुनै समस्याको समाधान खोज्ने बानी हामीले परित्याग गर्नैपर्छ, यदि राष्ट्रको आर्थिक विकास तीव्र गतिमा गर्ने हो भने।

## “स्टार्टअप”मा सरकारको प्राथमिकता

विचार



पार्क थेयङ

मैले प्राकृतिक सुन्दरताले भरिएको नेपालमा गणतन्त्र कोरियाली राजदूतका रूपमा सेवा गर्ने अवसर पाएको पनि एक वर्ष पूरा भएको छ। गत वर्ष असारमा नेपालका राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आफ्नो ओहोदाको प्रमाणपत्र पेश गर्दा राजदूतको जिम्मेवारीमा रहेर सम्झनलायक केही गर्ने लक्ष्य लिएको थिएँ। म हरेक दिन दैनिक प्रक्रियाको सुरुआतमा स्थानीय पत्रिका पढ्ने गर्छु। एक दिन पत्रिका पढ्ने सिलसिलामा रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत कोरियामा पाँच वर्ष रोजगार गरेर नेपालमा आफ्नो गृहनगर गुल्मी फर्किएका पाल्पा र गुल्मीको सीमानजीकै गौरव डेरी तथा प्रशोधन कम्पनी स्थापना गरेका रविलाल पन्थका बारेमा प्रकाशित लेख पढेर धेरै खुशी मिल्यो। त्यति बेला म नेपाल आएको दुई हप्ता मात्र भएको थियो। नेपालका लागि कोरियाली राजदूतको भूमिकामा रहेर दुई देशबीचको सहकार्य विस्तार क्षेत्रका बारेमा सोच्दै थिएँ। त्यो लेख पढेपछि विदेशमा काम गरेको अनुभव भएका व्यक्तिले आफूले सिकेको सीप तथा पूँजी सदुपयोग गरेर स्वदेशमा नै व्यवसाय शुरू गरेका व्यवसायीहरूको सफलताका कथाहरू खोज्ने तथा उक्त माध्यमबाट नेपालमा रोजगार सिर्जनाका लागि प्रेरणादायी भूमिका खेल्ने राजदूतका रूपमा आफ्नो परिचय दिने योजना बनाएँ।

### नेपालमा उद्यमशीलताका जटिलता

व्यवसाय शुरू गर्नु भनेको एक कठिन निर्णय हो भन्ने लाग्छ। यद्यपि एउटा भनाइ छ जीवनमा ‘नो–रिस्क नो–रिवार्ड’ व्यवसाय शुरू गर्नु एक कला हो, जसमा विभिन्न स्रोत, पूँजी, अनुभव, जनशक्ति, सुविचार र मार्केटिङ क्षमता पनि चाहिन्छ। जुनसुकै क्षेत्रमा व्यवसाय थालनी गरेका व्यवसायीले तीन वर्षभित्र धेरै व्यक्तिले निराशाको अनुभव गरेका उदाहरणहरू रहने गरेका छन्। त्यसैगरी, सफल व्यवसाय पनि तीन वर्षको अवधि पार गरेपश्चात् गन्तव्य निर्धारण हुने तथा समाजमा आफ्नो प्रस्तुति दिएका हुन्छन्। उद्यमी विकासका लागि समूहमा काम गर्ने क्षमता (टीम वर्क) समन्वय गर्ने भाषाको कला, समस्या समाधान गर्ने क्षमता, नेतृत्वदायी क्षमता, रचनात्मक चिन्तन, उद्देश्य केन्द्रित झुकाव, व्यावसायिक योजना बनाउने सीप, लगनशीलता तथा धैर्यता, व्यवस्थापन क्षमता, आर्थिक व्यवस्थापन, व्यापारिक सीप, जोखिम उठाउने क्षमता आदिले व्यवसायमा सफलता हासिल गर्न भूमिका खेल्छ भन्ने गरिएको छ।

सरकारी नीति निर्माता तहबाट आफ्नो भिजनमा स्टार्टअपलाई कसरी लिएर जाने र दूरदर्शिता कस्तो राख्ने भन्ने दृष्टिकोण निर्माण नगर्दा नेपालको स्टार्टअपको परिदृश्य प्रस्ट हुँदैन भन्ने लाग्छ। नेपालमा स्टार्टअपको इतिहास करीब १५ वर्ष पार गरेको छ। यसबीचमा नवउद्यमी तथा युवा उद्यमीले नवप्रवर्तनलाई व्यवसायका रूपमा जोगाउँदै सफल उद्यमका रूपमा स्थापित गरेका केही उदाहरण छन्।

नेपाल सरकारले सन् २०३० सम्म स्टार्टअपका माध्यमबाट एक लाख रोजगार सिर्जना गर्ने लक्ष्य लिएको छ। विभिन्न अन्तर्राष्ट्रिय संस्थाका अनुसन्धान अनुसार सन् २०२७ सम्ममा नेपालको स्टार्टअप बजार ५० करोड डलरको हुने देखाएको छ। नेपाल उद्योग वाणिज्य महासङ्घले उद्योग मन्त्रालय तथा विभिन्न सरोकारवालालाई समावेश गरेर ‘स्टार्टअप २०३०’ को भिजन बनाएका बारेमा मलाई जानकारी रहेको छ। सो भिजनमा कर छुट, स्टार्टअपलाई सहुलियपूर्ण कर्जा वितरण, स्टार्टअप कोष तथा बोर्ड गठनलगायत विषय समावेश छन्। त्यो नीति कार्यान्वयन भएको खण्डमा स्टार्टअपलाई विकसित रूप दिन सकिन्छ भन्ने लाग्छ। अन्तर्राष्ट्रिय बजारमा जे कुरा अहिले अभ्यास भइरहेको छ, त्यसको अध्ययन गरेर लागू गर्न सकेमा नेपालका लागि स्टार्टअप नै देश विकास तथा रोजगार सिर्जनाका लागि कोसेढुङ्गा साबित हुनेछ। अबको समय भनेको स्टार्टअपकै हो।

नेपाल सरकारले सन् २०३० सम्ममा नेपाललाई ‘स्टार्टअप नेसन’ बनाउने र अन्तर्राष्ट्रियजगत्मा नेपालको परिचय दिने लक्ष्य लिएको छ। त्यसका लागि राष्ट्रिय नीति अन्तर्गत कार्यक्रम तर्जुमा गर्नुपर्छ भन्ने लाग्छ। प्रविधिको युगमा आवश्यक जनशक्ति जुनसुकै देशबाट पनि हायर गर्न सकिन्छ। अतः प्रविधिको दायरा फराकिलो भएको छ। नेपालभित्रै गुणस्तरीय उत्पादन आउन थाले भने अहिले आयात भइरहेको वस्तु विस्थापित हुनेछन्। नवप्रवर्तनले उत्पादकत्व बढाउनाका साथै आयातलाई प्रतिस्थापन गरी निर्यातसमेत बढाउनेछ। नेपालमा व्यवसायको सुरुआती चरणमा पूँजी व्यवस्थापन, सीमित अवधिका लागि कर छुट, बैंकको सहुलियत ब्याजदरमा कर्जा व्यवस्थापनलगायत पक्ष सरकारी नीतिमा स्पष्ट हुनुपर्ने देखिन्छ। त्यसैगरी, सम्भावना भएका व्यवसायको पहिचान गरी प्रोत्साहन गर्ने नीति अवलम्बन हुनुपर्ने देखिन्छ।

### उद्यमशीलतालाई प्रोत्साहन

उद्योग स्थापना गर्न सजिलो छैन तर उद्योगविना राष्ट्रको अर्थतन्त्र उकास्न सहज हुँदैन। त्यसैले सरकारले स्वदेशी कम्पनी र उद्यमशीलतालाई प्राथमिकता दिनुपर्छ। नेपाल सरकारले हाल ठूलो मात्रामा आयात भइरहेको कृषिजन्य व्यवसाय, सञ्चार प्रविधि व्यवसाय प्रवर्द्धन गर्नेतर्फ केन्द्रित गरेमा अर्बौं रुपियाँको आयातलाई विस्थापन गर्न सक्नेछ। सूचना प्रविधिको क्षेत्रमा नेपाल सरकारले वार्षिक रु २० अर्बभन्दा बढीको सेवा खरीद गर्ने गरेको देखिन्छ। नेपाली उद्यमीले सफ्टवेयरमा सेवा दिन सक्छन् भन्ने मेरो बुझाइ छ।

नेपाली कम्पनीलाई विश्व बजारसम्म पुग्ने आधार तय गर्नका लागि शुरूमा देशभित्रै सेवा गर्ने अवसर दिनुपर्छ। बहुसङ्ख्यक देशहरूले विभिन्न सहज नीतिमार्फत उद्यमशीलतालाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरेका छन्। दक्षिण कोरियाले पनि विभिन्न उद्यमशीलता नीतिहरू अवलम्बन गर्दै आएको छ। स्टार्टअप नीतिका दुई मुख्य पक्षमध्ये उद्यमशीलताको भावना विकास गर्ने र स्टार्टअप पूर्वाधार विस्तार गर्ने रहेको छ। उद्यमशीलतालाई बढावा दिनका लागि शैक्षिक संस्था वा निजी संस्थाले प्राथमिक, माध्यमिक र उच्च माध्यमिक विद्यालयका विद्यार्थी, कलेजका विद्यार्थी, सामान्य वयस्क र इन्जिनीयरहरूलाई उद्यमशीलतासँग सम्बन्धित शैक्षिक अवसरहरू उपलब्ध गराउँदै आएका छन्। स्टार्टअप प्रतियोगिता आयोजनामार्फत विजेतालाई आफ्नै व्यवसाय शुरू गर्न आवश्यक सहयोग गर्ने गरेका छन्। स्टार्टअप पूर्वाधार विस्तार गर्नका लागि लगभग २५० स्टार्टअप

(बाँकी पाँचौं पातामा)

## आइकाओको प्रतिवेदन एक साताभित्र समितिमा पेश गर्न निर्देशन

काठमाडौं, १० साउन/रासस

संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ)को प्रतिवेदन एक साताभित्र समितिसमक्ष पेश गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिएको छ।

समितिका सभापति राजकिशोर यादवले समितिले चिठी लेखेर आइकाओको प्रतिवेदन मगाउँदा पनि प्राप्त नभएको भन्दै अब चिठी लेख्न नपर्नेगरी समयभित्रै प्रतिवेदन बुझाउन आग्रह गरे।

यस्तै, नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण विभाजनसम्बन्धी विधेयकबारे समितिलाई जानकारी गराउन पनि बैठकले पर्यटन मन्त्रालयलाई निर्देशन दिएको छ। पर्यटन मन्त्रालयको पहलकदमीले विधेयक अगाडि बढ्न नसक्ने हो भने प्रधानमन्त्री तहमा कुरा गरेर भएपनि अगाडि बढाउन समितिले सक्रियता देखाउने सभापति यादवले बताए। उनले भने, “प्राधिकरण विभाजनसम्बन्धी विधेयक कहाँ र कुन अवस्थामा छ, अर्को बैठकमा आउँदा समितिलाई जानकारी गराउनुपर्छ।”

सभापति यादवले डेढ वर्षको अवधिमा काम गरेको जानकारी भएको तर परिणाम नदिएको भन्दै अबका दिनमा कुरा हैन परिणाम चाहिने बताए। समितिका अधिकांश सांसदले मुलुकको हवाई सुरक्षालाई दृष्टिगत गर्दै प्राधिकरण विभाजनसम्बन्धी विधेयक अगाडि बढाउन माग गरेका थिए।

तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईले ‘नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक–२०७६’ विसं २०७६ फागुन ११ मा राष्ट्रियसभामा दर्ता गराएका थिए। नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन–२०५३ अन्तर्गत स्थापित प्राधिकरणले नियमन र हवाई सेवा प्रदायक दुवै सेवा दिंदै आएको छ। नियामक र सेवाप्रदायक गरी अलगअलग निकायको रूपमा बनाउने प्रयोजनका निम्ति उक्त विधेयक अगाडि बढाइएको हो। २०७८ साउन १८ गते राष्ट्रियसभाबाट पारित उक्त विधेयक अहिले निष्क्रिय छ। विसं २०७९ असोज १ गते प्रतिनिधिसभाको कार्यकाल समाप्त भएकाले निष्क्रिय भएको हो।

समितिले युरोपेली सङ्घ (इयू)को सुरक्षा सूचीबारे के कति प्रगति भएको हो र अब कति समयपछि नेपाल उक्त सूचीबाट हट्छ भन्नेबारे विस्तृत विवरणसहित समितिको अर्को बैठकमा उपस्थित हुन प्राधिकरणलाई निर्देशन दिएको छ।

कोरियन एयरलाइन्सको एकाधिकार तोड्न र नेपाल एयरलाइन्सको विमान कोरिया उडान सम्बन्धमा जानकारी दिन तथा यती एयरलाइन्सको विमान दुर्घटनासम्बन्धी प्रतिवेदन पनि समितिलाई उपलब्ध गराउन निर्देशन दिएको छ।

# व्यापारघाटा चुलिंदा अर्थतन्त्र जोखिममा

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आत्मनिर्भर आर्थिक विकासका लागि आफ्नै उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी जागीरेभन्दा उद्यमशील भावना विकास गर्न सक्नुपर्छ। बढ्दो व्यापार घाटा न्यूनीकरणका लागि मुलुकमा लगानी भित्र्याउन र नयाँ पुस्तालाई उद्यमी बन्न प्रेरित गर्ने नीति राज्यले लिन सक्नुपर्छ।**

बढ्दो व्यापार घाटाका कारण नेपाली अर्थतन्त्रमा जोखिम बढ्दै गएको छ। सैद्धान्तिक र व्यावहारिक दुवै हिसाबले कम परिमाण अर्थात् कम दरको आयात र बढी परिमाण अर्थात् बढी दरको निर्यात उच्च आर्थिक वृद्धिको संवाहक हुन्छ। तर नेपालको अवस्था उल्टो छ। निर्यातभन्दा आयातको परिमाण र लागत दुवैका हिसाबले धेरै रहेको अवस्था छ। फलस्वरूप नेपालको अन्तर्राष्ट्रिय व्यापार सधैं असन्तुलित रहँदै आएको छ। वैदेशिक व्यापारमा देखिएको बढ्दो असन्तुलन नै अहिले चिन्ताको विषय बनेको छ। त्यसैले नेपालमा दिगो तथा फराकिलोको त कुरै नगरौं, उच्च दरको आर्थिक वृद्धि पनि हुन सकिरहेको छैन भने व्यापारघाटा बढ्दै जाँदा अर्थतन्त्र परनिर्भर, थप कमजोर र जोखिमयुक्त बन्दै गएको छ। जबसम्म आन्तरिक उत्पादन वृद्धि हुँदैन र आयात प्रतिस्थापन हुँदैन, तबसम्म व्यापारघाटा बढी नै रहने छ। रेमिट्यान्स मुलुकको अर्थतन्त्रको मेरुदण्ड नभए पनि विगत केही वर्षयता भरपर्दो टेको बनेको छ। यही रेमिट्यान्सले गर्दा उपभोक्ता संस्कृतिमा वृद्धि भई आयातमाथि थप दबाब परेको छ। फलस्वरूप बर्सेनि उपभोग्य वस्तुदेखि विलासिताका वस्तुको आयातमा वृद्धि भइरहेको छ। तर, आन्तरिक उत्पादन वृद्धि हुन नसकेको र राष्ट्रिय व्यापार एकीकृत रणनीतिले नै निकासीयोग्य वस्तुको सूचीमा राखेका वस्तुकै पनि निर्यात प्रवर्द्धन हुन नसक्दा आयात र निर्यातबीचको अन्तर निकै बढेको छ। परिणामतः व्यापारघाटा चुलिएर अर्थतन्त्र नै जोखिममा परेको अवस्था छ।

देशको कुल निर्यातको मूल्यभन्दा आयातको मूल्य धेरै भए व्यापार घाटा हुन्छ। त्यसैले व्यापार घाटा न्यूनीकरण र विदेशी मुद्राको सञ्चिति बढाउनका लागि तत्काल सम्भाव्य क्षेत्र र वस्तुको पहिचान गरी आन्तरिक उत्पादन वृद्धि गरेर निर्यात प्रवर्द्धन गर्ने अथवा आयात प्रतिस्थापन गर्ने नीति अवलम्बन गर्नु आजको आवश्यकता हो। नेपालमा उत्पादनका दृष्टिले ठूलो सम्भावना बोकेको मुख्य क्षेत्र कृषि नै हो। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हिस्सा एकचौथाईको हाराहारीमा छ। देशको दुईतिहाई जनसङ्ख्यालाई रोजगार दिने क्षेत्र पनि कृषि नै हो। अझै पनि बृहत् सङ्ख्यामा जनशक्ति ग्रहण गर्ने क्षमता देशको कृषि क्षेत्रमैं छ। उत्पादन वृद्धिको सम्भावना पनि प्रशस्त छ। कृषिवस्तुका लागि देश आत्मनिर्भर हुन सक्ने सम्भावना पनि उत्तिकै छ। तर यससम्बन्धी उपयुक्त नीति र त्यसको प्रभावकारी कार्यान्वयनको खाँचो छ। कृषिवस्तुको आन्तरिक उत्पादन वृद्धि र पेट्रोलियम पदार्थको विकल्पमा विद्युत् खपतमा वृद्धि गरी आयात प्रतिस्थापन गर्न सकिने सम्भावनालाई मूर्तरूप दिने हो भने नेपालको वैदेशिक व्यापार घाटा न्यूनतम पनि १५ देखि २० प्रतिशतसम्म कम गर्न सकिन्छ। गत आर्थिक वर्ष (२०८०-८१) मा व्यापार घाटा १४ खर्ब ४० अर्ब रुपियाँ भएको छ। भन्सार विभागले हालै सार्वजनिक गरेको तथ्याङ्क अनुसार एक वर्षमा आयात र निर्यात दुवै खुम्चिएको छ। जसले गर्दा सो आर्थिक वर्षमा भित्रिएको रेमिट्यान्सले व्यापार घाटा थेग्ने अवस्था बनेको छ। नेपाल राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्षको जेठ मसान्तसम्म १३ खर्ब २७ अर्ब ५१ करोड रुपियाँ बराबर रेमिट्यान्स भित्रिएको छ। यसले गत वर्ष व्यापार घाटा बराबर वा त्यसभन्दा धेरै रेमिट्यान्स भित्रिएको देखिन्छ। हुनत गत आर्थिक वर्षमा आयात निर्यातमा केही कमी आई वैदेशिक व्यापार घटे पनि मुलुकको समग्र व्यापार घाटा घट्न सकेको छैन।

भन्सार विभागका अनुसार गत आर्थिक वर्षमा कुल व्यापार घाटा १४ खर्ब ५४ अर्ब ५९ करोड १० लाख ७४ हजार रुपियाँ रहेको छ। यो व्यापार घाटा अघिल्लो आर्थिक वर्ष २०७८-७९ को तुलनामा १५.४५ प्रतिशतले कम रहेको तथ्याङ्क छ। अघिल्लो आर्थिक वर्षमा कुल व्यापार घाटा १७ खर्ब २० अर्ब ४१ करोड थियो। तथ्याङ्क अनुसार अघिल्लो आवमा कुल आयात १५ खर्ब ९२ अर्ब ९८ करोड रुपियाँ बराबर भएको छ। यस वर्ष निर्यात १ खर्ब ५२ अर्ब ३८ करोड बराबर भएको छ। जसले गर्दा व्यापार घाटा १४ खर्ब ४० अर्ब ६० करोडमा खुम्चिएको देखिन्छ। यस वर्ष आयात अघिल्लो वर्षको तुलनामा १.१६ प्रतिशत, निर्यात ३.०३ प्रतिशत र व्यापार घाटा ०.९६ प्रतिशतले कम भएको छ। यसरी आयात र निर्यात दुवै घट्दा समग्र वैदेशिक व्यापारको आकारसमेत खुम्चिएको छ। भन्सार विभागको तथ्याङ्क अनुसार यस वर्ष कुल वैदेशिक व्यापार १७ खर्ब ४५ अर्ब ३६ करोड रुपियाँ बराबर व्यापार भएको छ। यो अघिल्लो आवको तुलनामा १.३३ प्रतिशत कम हो। अघिल्लो वर्ष १७ खर्ब ६८ अर्ब ८७ करोड बराबर व्यापार भएको थियो। यस वर्ष पेट्रोलियम पदार्थ आयातमा मात्र ३ खर्ब ३७ अर्ब ३४ करोड रुपियाँ विदेशिएको छ। पेट्रोलियम आयातमा नेपालको सबैभन्दा ठूलो व्यापार घाटा छ। यसमध्ये सबैभन्दा धेरै भारतसँग व्यापार घाटा छ।

यस आवमा १ खर्ब २५ अर्ब रुपियाँ बराबरको फलाम तथा स्टिल आयात भएको छ। एक वर्ष अवधिमा २८ अर्ब बराबर तरकारीजन्य वस्तु आयात भएको देखिन्छ। ८५ अर्ब ७४ करोड बराबर सवारीसाधन आयात भएको छ। नेपालले एक वर्षमा १७० भन्दा धेरै देशसँग व्यापार गरेको छ। यसमध्ये सबैभन्दा धेरै व्यापार भारतसँग छ। भारतबाट नेपालमा ९ खर्ब ९६ अर्ब ६८ करोड बराबर वस्तु आयात भएको छ। नेपालबाट भारततर्फ १ खर्ब ३ अर्ब बराबरको वस्तु निर्यात भएको छ। चीनबाट नेपालमा २ खर्ब ९८ अर्ब बराबर वस्तु आयात भएको छ। नेपालबाट भने मात्र २ अर्ब ५८ करोड बराबर वस्तु निर्यात भएको देखिन्छ। तेस्रो ठूलो व्यापार साझेदार देश युनाइटेड अरब इमिरेट्स (युएई) देखिएको छ। युएईबाट २९ अर्ब रुपियाँ बराबर सामान आयात भएको छ। नेपालबाट भने २ अर्ब ५७ करोड रुपियाँको निर्यात भएको छ। चौथो स्थानमा अमेरिका छ। अमेरिकाबाट नेपालमा १९ अर्ब ४८ करोडको आयात भएको छ। निर्यात १७ अर्ब ३१ करोड बराबर भएको छ। अमेरिका कम व्यापार घाटा भएको मुलुकमध्ये सबैभन्दा अगाडि पर्छ। युक्रेन पाँचौं स्थानमा छ। त्यहाँबाट १८ अर्ब ८८ करोड रुपियाँ बराबर आयात भएको छ। निर्यात भने ५ लाख रुपियाँ बराबर मात्र देखिन्छ। आयात घट्दा सरकारले भन्सारबाट उठाउने राजस्वसमेत कम भएको छ। यस वर्ष भन्सार विभागले लक्ष्यको ६७ प्रतिशत मात्र राजस्व उठाएको छ। यस वर्ष भन्सार विभागलाई ६ खर्ब २७ अर्ब रुपियाँको लक्ष्य दिइएको थियो। तर, प्राप्ति भने ४ खर्ब २० अर्ब रुपियाँ मात्र रहेको विभागले जनाएको छ।

नेपालमा आउँदो केही समयमा बिजुलीको खपतभन्दा उत्पादन धेरै हुने अवस्था सिर्जना हुन लागेको बताइएको छ। यो मौकाको सदुपयोग गरेर बिजुलीका साधन र बिजुलीले चल्ने उपकरणहरूलाई प्रोत्साहन गर्नुको विकल्प छैन। शहरी इलाका र राजमार्गहरूमा पर्याप्त बिजुली चार्जिङ स्टेशनहरूका साथै बिजुलीले चल्ने साधन तथा उपकरणहरूमा कर छुट दिने कार्यलाई अझ प्रभावकारीरूपमा अगाडि बढाउनुपर्दछ। यसका साथै देशैभरि गुणस्तरीय शिक्षा र सीपमूलक कार्यक्रममा सहज पहुँच हुनेगरी नीतिनियम बनाएर त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ। नेपालको व्यापार नीति सबल र समयसापेक्ष नहुनुमा एउटा मुख्य कारण हो-भ्रष्टाचार नियन्त्रणमा सरकारको उदासीनता। श्रमलाई सम्मान गर्ने, श्रमको उचित मूल्य दिने र श्रमलाई स्वदेश निर्माणमा लगाउने नीति अँगाल्ने हो भने कृषि चुत्थो पेशा होइन भन्ने सोचको विकास हुनेछ। अहिले कृषिलाई गरीबको पेशा र अरूको दाँजोमा चुत्थो पेशाका रूपमा लिइन्छ। यस्तो सोचमा परिवर्तन जरुरी छ। यसरी कृषि र किसानलाई हेर्ने सरकारी दृष्टिकोणमा परिवर्तन आउने हो भने कृषिको आन्तरिक उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्न सकिन्छ। यसबाट आयात प्रतिस्थापन भई व्यापारघाटा कम हुनेछ। अहिलेकै परिप्रेक्ष्यमा कृषिमा आत्मनिर्भर हुने र इन्धन खपत आधा मात्रै पनि विद्युत्ले प्रतिस्थापन गर्ने हो भने न्यूनतम चार खर्ब रुपियाँको व्यापारघाटा कम गर्न सकिन्छ। यो भनेको कुल व्यापारघाटाको झन्डै ३० प्रतिशत हुन आउँछ।

मुलुकमा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्छ भन्नेमा कसैको दुईमत छैन। तर हामी हरेक सामान आयात गरेर उपभोग गर्न थालेका छौं। कृषि, जडिबुटी, पर्यटन र जलस्रोतजस्ता क्षेत्रको विकासले मुलुकलाई आत्मनिर्भरतातर्फ लैजान सक्छ। खासगरी जलविद्युत्को विकास तीव्र गतिमा बढाएर स्थानीय आवश्यकता पूरा गर्नुपर्छ। प्रत्येक सरकारले आयातलाई निरुत्साहित गर्ने र निर्यात बढाउने भनिरहेका छन्। त्यसै अनुसारको बजेट ल्याएको दाबी पनि गरिँदै आएको छ। तर परिणाम भने शून्यजस्तै छ। उच्चदरको आयातले समस्या पारेपछि सरकारले निर्यात बढाउन बेलाबेलामा धेरै उपायहरू अगाडि नल्याएको पनि होइन। आयातित वस्तुमध्ये कृषिजन्य उत्पादनको अंश पनि ठूलो देखिएपछि सरकारले प्रत्येक वर्ष कृषिमा आत्मनिर्भर हुने भन्दै विभिन्न कार्यक्रम ल्याएको पनि देखिन्छ। यसका लागि अर्बौं रुपियाँ बजेट विनियोजन गरिएको पनि छ। किसानसँगै उद्योगी व्यवसायीलाई पनि उत्पादकत्व बढाउने नाममा विशेष किसिमका सहुलियत दिइँदै आएको छ। सरकारले निर्यात बढाउन पनि निर्यातयोग्य वस्तुको सम्भाव्य सूची तयार गरी सूचीमा पर्ने वस्तु उत्पादन र निर्यात गर्नेलाई प्रोत्साहनस्वरूप विभिन्न सुविधा दिंदै आएको छ। जलस्रोत र पर्यटनको विकासबाट पनि व्यापारघाटा कम गर्न सकिन्छ भन्ने आम धारणा छ। तर पनि सरकार विफल छ। काम गराइ र नतीजा ठीक उल्टो छ। त्यसैले आत्मनिर्भर आर्थिक विकासका लागि नेपालले आफ्नै उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी जागीरेभन्दा पनि उद्यमशीलताको भावना विकास गर्न सक्नुपर्छ। बढ्दो व्यापार घाटा न्यूनीकरणका लागि मुलुकमा लगानी भित्र्याउन र नयाँ पुस्तालाई उद्यमी बन्न प्रेरित गर्ने नीति राज्यले लिन सक्नुपर्दछ।

हुनत व्यापार एक बहुआयामिक विषय हो। त्यसैले व्यापार घाटा न्यूनीकरण गर्न कुनै एक मन्त्रालय वा निकायको मात्रै सरोकार र चिन्ताको विषय नभई, सबैको चासो र चिन्ताको विषय हुनुपर्छ। यसका लागि कुनै एक निकायको एकल प्रयासले मात्रै पर्याप्त नहुने हुँदा सङ्घ, प्रदेश र स्थानीय सरकारबीच सहयोग, सहकार्य, समन्वय र साझेदारी हुनैपर्दछ। सबैको साझा प्रयास र मेहनत भयो भने मात्र हाल अहिलेको व्यापार घाटाको विकराल अवस्था कम गरी उच्च दरको आर्थिक वृद्धि हासिल गर्न सकिन्छ।



**खण्डहर भृकुटी कागज कारखाना:** निजीकरणपछि विसं २०६९ बाट पूर्णरूपमा बन्द रहेको नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोट-२ स्थित भृकुटी कागज कारखाना। उद्योग बन्द भएपछि अहिले उद्योगका भौतिक संरचना जीर्ण भएका छन् भने उद्योग परिसरलाई बुटयान र झाडीले ढाकेको छ। तस्बिरः टेकराज पोखरेल/रासस

# भारतबाट एक अर्बको आलु आयात

खजुरा (बाँके), १० साउन/रासस

बाँकेको जमुनाह सीमा नाका हुँदै भारतबाट गत आर्थिक वर्ष २०८०/८१ मा रु एक अर्ब ११ करोड ६१ लाखको आलु आयात गरिएको छ। सो अवधिमा चार करोड ४९ लाख ८४ हजार ६६९ किलो आलु भारतबाट आयात गरिएको हो।

नेपालगंज भन्सार कार्यालयका सूचना अधिकारी पूर्णप्रसाद लम्सालका अनुसार आव २०७९/८० भन्दा गत आवमा रु १८ करोडको आलु बढी आयात गरिएको हो। आव २०७९/८० मा रु ९३ करोड ६० लाख ६९ हजार बराबरको तीन करोड ७५ लाख ८५ हजार ८८ किलो आलु आयात गरिएको थियो।

आलु आयातबाट आव २०७९/८० मा रु १४ करोड ७७ लाख २२ हजार तथा गत आव २०८०/८१ मा रु २७ करोड २२ लाख ४४ हजार राजस्व सङ्कलन भएको सूचना अधिकारी लम्सालले बताए। अघिल्लो आवको तुलनामा गत आवमा रु १३ करोड राजस्व वृद्धि भएको छ।

पछिल्लो समय बाँके, बर्दिया, दाङ, सल्यानलगायतका जिल्लामा आलु उत्पादन उल्लेखनीय मात्रामा बढ्दै गए पनि भारतबाट आयात भने नघटेको कृषि ज्ञान केन्द्रका प्रमुख सकील अहमदले बताए। उनका अनुसार आलु र प्याजमा आत्मनिर्भर बन्न सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको भएपनि आयातमा कमी आउन सकेको छैन।

# नेप्से परिसूचकमा ३२ अङ्कको वृद्धि

काठमाडौं, १० साउन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ३२ अङ्कले उकालो लागेर दुई हजार ५६८ दशमलव ११ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक सात दशमलव शून्य नौ अङ्कले उकालो लागेर ४६० दशमलव शून्य तीनमा पुगेको छ। कुल तीन करोड ५५ लाख ९४ हजार ८६८ कित्ता शेयर रु १४ अर्ब १३ करोड ७८ लाख ९९ हजार ४९ मूल्यमा कारोबार भयो।

कारोबार भएका कुल १३ उपसमूहमध्ये आज चार उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ। नौ उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ। नेप्सेका अनुसार उपकार लघुवित्त १०, जीवन विकास लघुवित्त र एशियन हाइड्रोपावरको शेयर मूल्यमा समान नौ दशमलव ९९ प्रतिशतले वृद्धि भएको छ।

यस्तै, गणपति लघुवित्त नौ दशमलव ९७ र राष्ट्रिय बीमा कम्पनीका लगानीकर्ताले नौ दशमलव ९४ प्रतिशतले कमाएका छन्। मितेरी डेभलपमेन्ट बैंक सात दशमलव ६५, माण्डू हाइड्रोपावर चार दशमलव ६८, एसबिएल डिबेन्चर तीन दशमलव ९२, कालिका पावर कम्पनी तीन दशमलव ८१ र आरम्भ चौतारी लघुवित्तका लगानीकर्ताले तीन दशमलव ६१ प्रतिशतले गुमाएका छन्।

# तोलामा दुई हजार चार सयले घट्यो सुनको मूल्य

काठमाडौं, १० साउन/रासस

स्थानीय बजारमा बिहीवार सुनको मूल्य तोलामा रु दुई हजार चार सयले घटेको छ।

बुधवार प्रतितोला रु एक लाख ४७ हजार चार सयमा कारोबार भएको छापावाला सुन आजका लागि रु एक लाख ४५ हजार निर्धारण भएको छ।

यस्तै, बुधवार प्रतितोला रु एक लाख ४६ हजार सात सयमा कारोबार भएको तेजाबी सुन आजका लागि रु एक लाख ४४ हजार तीन सय निर्धारण भएको छ।

यस्तै, चाँदीको मूल्य प्रतितोला रु ५५ ले घटेको छ। बुधवार प्रतितोला रु एक हजार ८०५ मा कारोबार भएको चाँदीको मूल्य आजका लागि भने एक हजार ७५० निर्धारण भएको छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३**

# अन्तर्राष्ट्रिय समाचार

## बाढी र पहिरो, फिलिपिन्समा २२ जनाको मृत्यु

ताइपेई, १० साउन/एपी

ताइवानमा गेमी आँधी आएपछि तल्लो भेगमा बाढी आएको छ भने पहिरोसमेत गएको छ। आँधीले घर र पसलहरूमा क्षति पुगेको छ।



आँधीले तटीय क्षेत्रमा पारेको क्षति। तस्वीरः एपी

आँधीले पश्चिमी प्रशान्त क्षेत्रलाई बगाएको छ। यसबाट फिलिपिन्समा बाढी र पहिरोबाट २२ जनाको मृत्यु भएको छ। साथै ताइवानमा पनि तीनजनाको मृत्यु भएको छ भने २२० भन्दा बढी घाइते भएका छन्।

ताइवानमा कार्यालय र विद्यालय बिहीवार लगातार दोस्रो दिन बन्द भएका छन् र नागरिकहरूलाई घरमै बस्न र सामुद्रिक तटबाट टाढा रहन आग्रह गरिएको छ।

ताइवान नियमितरूपमा आँधीहरूको चपेटामा पर्ने गर्छ। आँधीले उसको आफ्नो चेतावनी प्रणालीलाई बढाएको छ। यद्यपि ताइवानको स्थलाकृति, उच्च जनसङ्ख्या घनत्व र उच्च प्रविधिको अर्थतन्त्रका कारण यस्ता आँधी आउँदा हुने क्षतिबाट बच्न कठिन हुन्छ।

राजधानी ताइपेई असामान्यरूपमा शान्त थियो, हल्का वर्षा भइरहेको थियो र कहिलेकाहीं तीव्र हावा चलिरहेको थियो।

फिलिपिन्समा डुबेर र पहिरोका कारण मृत्यु हुनेको सङ्ख्या बढेको छ। प्रहरीका अनुसार कम्तीमा तीनजना बेपत्ता भएका छन्।

बिहीवार बिहानै बाटन प्रान्तको लिमेय शहरमा १४ लाख लिटर औद्योगिक इन्धन तेलले भरिएको ट्याङ्कर डुबेको र उद्धारकर्ताहरूले १६ मध्ये १५ जना चालक दलका सदस्यको उद्धार गरेको फिलिपिन तटरक्षकले बताएका छन्।

ट्याङ्कर डुब्नुको सम्बन्ध खराब मौसम र अशान्त समुद्र थियो वा थिएन भन्ने तत्काल स्पष्ट भएको छैन तर यातायात सचिव जेमी बाउटिस्टाले सामुद्रिक अवस्थाका कारण सम्भावित तेल चुहावट रोक्न तटरक्षकहरू तत्काल उक्त क्षेत्रमा पुग्न नसकेको बताए।

आँधीका कारण ताइवानको पूर्वी तटमा वायुसेनाको अभ्यास रद्द गर्नुपरेको छ। फिलिपिन्समा क्यारिना भनिने गेमीले भूस्खलन निम्त्याएको छैन तर मौसमी मनसुनी वर्षा बढाएको छ।

फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले अधिकारीहरूलाई पृथक भएका गाउँहरूमा खाद्यान्न र अन्य सहायता पुऱ्याउने प्रयास तीव्र पार्न आदेश दिएका छन्। "त्यहाँको जनताले धेरै दिनसम्म खाना नखाएको हुन सक्छ" – टेलिभिजनमा प्रसारित आपतकालीन बैठकमा उनले भने।

फिलिपिन्सको राजधानी वरपरका बाक्लो जनसङ्ख्या भएका क्षेत्रहरूमा वर्षाका कारण धेरै स्थानमा बाढी आएकोले सरकारी कामकाज र विद्यालयको पठनपाठन निलम्बन गरिएको छ। रासस

## तनाव कम हुँदै गएपछि निषेधाज्ञा आदेश खुकुलो

ढाका, १० साउन/एएफपी

बङ्गलादेशमा बिहीवार राष्ट्रव्यापी निषेधाज्ञा (कर्फ्यू) आदेश थप खुकुलो पारिएको छ। गत हप्ता घातक अशान्ति निम्त्याएको विरोध कार्यक्रममा क्रमिक सुस्तता आएसँगै निषेधाज्ञा आदेश खुकुलो पारिएको हो।

विद्यार्थी सङ्गठनहरूले सरकारी जागिरमा आरक्षण नियमहरूको विरोधमा गरेको आन्दोलनपछि आएको अदालतको फैसलापछि आन्दोलनमा खासै ठूला झडपका घटना भएका छैनन्।

प्रधानमन्त्री शेख हसिनाको कार्यकालको सबैभन्दा खराब अशान्तिका रूपमा हेरिएको यो आन्दोलनमा गत हप्ता १९१ जनाको मृत्यु भएको प्रहरी र अस्पतालबाट एएफपीले पाएको तथ्याङ्कमा उल्लेख छ।

हजारौं सैनिक अझै देशका विभिन्न शहरहरूमा गस्ती गरिरहेका छन् र अझै पनि राष्ट्रव्यापी इन्टरनेट अवरोध धेरै हदसम्म प्रभावमा छ। प्रदर्शनकारी नेताहरूले नयाँ प्रदर्शन अस्थायीरूपमा रोक्ने घोषणा गरेपछि झडपहरू कम भएका हुन्।

हसिना सरकारले अशान्तिको चरमोत्कर्षमा रहेको कर्फ्यू फेरि खुकुलो बनाउने आदेश दिएको छ। सरकारको यो निर्णयबाट बिहान १० देखि साँझ ५ बजेसम्म सात घण्टा स्वतन्त्र आवागमन गर्न पाइने भएको छ।

दुई करोड जनसङ्ख्या रहेको राजधानी ढाकामा प्रहरी र प्रदर्शनकारीबीच भएको भीषण झडपको केही दिनपछि बिहीवार बिहान यात्रीको भीडले सडक भरिएको देखिन्थ्यो।

गत हप्ता बन्द भएका बैंक, सरकारी कार्यालय र आर्थिकरूपले महत्त्वपूर्ण तयारी पोशाकका फ्याक्ट्रीहरू बुधवारदेखि नै खुलेका थिए।

शुक्रवार समाप्त हुन लागेको आन्दोलनलाई फेरि लम्ब्याउने वा नबढाउने भन्नेबारे निर्णय गर्ने तयारीका लागि विद्यार्थी नेताहरूको बैठक बिहीवार बस्ने बताइएको छ।

यस महीनाको र्‍याली आयोजना गर्ने समूह 'स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेशन'ले सरकारबाट धेरै छुटको अपेक्षा गरेको बताएको छ।

समूहका एक संयोजक आसिफ महमुदले एएफपीसँग भने– "प्रधानमन्त्री शेख हसिनाले विद्यार्थीहरूको सामूहिक हत्याका लागि राष्ट्रसँग माफी मागनुपर्छ भन्ने हाम्रो माग छ।"

"हामी गृहमन्त्री र शिक्षामन्त्रीलाई पनि घटनाको लागि जिम्मेवार ठहर गर्दै बर्खास्त गरियोस् भन्ने चाहन्छौं।"

महमुदले प्रदर्शनमा सहभागी भएको सङ्ख्यालाई कम आकलन गरिएको बताए। एएफपीका अनुसार गत हप्तादेखि शुरू भएको हिंसामा प्रहरीले कम्तीमा २,५०० जनालाई पक्राउ गरिसकेको छ।

गत जून महीनामा आधाभन्दा बढी सरकारी जागिर केही वर्गका लागि आरक्षित गर्ने योजना लागू भएपछि विरोध प्रदर्शन शुरू भएको थियो। बङ्गलादेशको स्वतन्त्रता संग्राममा लडेका भूतपूर्व सैनिकका सन्तानका लागि करीब एक तिहाइ आरक्षणको व्यवस्था भएको भन्दै विद्यार्थी समूह आन्दोलित भएको थियो।

सरकारी आँकडा अनुसार बङ्गलादेशमा करीब एक करोड ८० लाख युवा कामबाट वञ्चित भएका छन्। यस कदमले गम्भीर रोजगार सङ्कटको सामना गरिरहेका स्नातकहरूलाई गम्भीररूपमा दुःखी बनाएको छ।

यो आरक्षण (कोटा) प्रणाली हसिनाको अवामी लिगका वफादारहरूलाई सार्वजनिक जागीरहरू दिलाउन प्रयोग गरिएको सरकारका आलोचकहरूले बताएका छन्।

सर्वोच्च अदालतले आइतवार आरक्षित जागिरको सङ्ख्या कटौती गरेको थियो तर आरक्षण पूर्णरूपमा खारेज गर्न प्रदर्शनकारीहरूको माग भने पूरा भएको छैन।

सन् २००९ देखि देशमा शासन गरिरहेकी ७६ वर्षीया हसिना विपक्षीहरूको सहभागिताविना जनवरीमा भएको निर्वाचनमा लगातार चौथोपटक विजयी भएकी थिइन्।

उनको सरकारमाथि अधिकारवादी समूहहरूले राज्यका संस्थाहरूको दुरुपयोग गरी सत्तामा आफ्नो पकड बलियो बनाउन र विपक्षी कार्यकर्ताहरूको गैरन्यायिक हत्यालगायत असहमतिलाई निस्तेज पार्न प्रयोग गरेको आरोप पनि लगाएका छन्।

### रानीघाट–पोखरिया बस समिति

- भिस्वा– बिहान ७:४० बजे
- भिस्वा– बिहान १०:०० बजे
- भिस्वा– मध्याह्न १२:०० बजे
- भिस्वा– दिउँसो १:३० बजे
- दसौता– दिउँसो २:३० बजे
- सेढवा– दिउँसो ३ बजे
- देउरिया– दिउँसो ३:१५ बजे
- भिस्वा– दिउँसो ३:४० बजे

### स्टार्टअप ...

इनक्युबेसन सेन्टरहरू निर्धारण गरिएको छ। विश्वविद्यालय वा अन्य अनुसन्धान संस्थालाई नवीनतम व्यवसाय प्रवर्द्धन गर्ने संस्थाका रूपमा सञ्चालनमा ल्याइएको छ। कोरिया सरकारले व्यापार वा व्यवसाय शुरू गर्ने प्रारम्भिक चरणहरूमा सम्भावना देखिएका व्यवसाय छनोट गरेर सुरुआती चरण तीन वर्ष स्टार्टअप पूँजीका रूपमा न्यूनतम ब्याजदरमा आवश्यक पूँजी उपलब्ध गराउँदै आएको छ।

व्यवसाय शुरू गर्नु भनेको एक प्रक्रिया हो, जसमा उद्यमशीलताको भावना भएको व्यक्तिले निर्णय लिन्छ र जोखिम लिन्छ। यद्यपि विभिन्न स्टार्टअपका लागि सरकारीस्तरको सहयोग पर्याप्त नहुन सक्छ। तर सरकारी सहयोगले स्टार्टअप प्रक्रियाका लागि तयारी गर्न र सफलताको सम्भावना बढाउन तथा जोखिम कम गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेख गरे अनुसार आवमा सरकारको कुल पूँजीगत बजेटको न्यूनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने नीति लिइनाका साथै अनुसन्धान, नवप्रवर्तन र आविष्कारका लागि छुट्टै कोष स्थापना गर्न एक अर्ब विनियोजन गरेको अवस्था छ। कोष सञ्चालन गर्न आवश्यक कानून तर्जुमा गरिनाका साथै सरकारका विभिन्न निकायबाट हुने अनुसन्धान, नवप्रवर्तन र आविष्कारसम्बन्धी कार्यक्रमलाई यसमा आबद्ध गर्ने कार्यक्रम आउनु सुखद पक्ष हो भन्ने लाग्छ। प्रदेश र स्थानीय तहलाई पनि उक्त कोषमा रकम जम्मा गर्न प्रोत्साहित गरिने नीतिले नयाँ स्टार्टअपका लागि सकारात्मक भूमिका खेल्ने देखिन्छ।

**उद्यमशीलता प्रवर्द्धनका लागि कोरियाको सहकार्य**

मैले ओहोदाको प्रमाणपत्र पेश गर्ने क्रममा राष्ट्रपतिलाई नेपालमा उद्यमशीलतालाई प्रोत्साहन गर्न सहयोग गर्ने प्रतिबद्धतासहितको परिचय दिएको थिएँ। नेपाललगायत विकासोन्मुख देशहरूले ओडिएमा केन्द्रित विकास साझेदारी परियोजनाहरूका लागि बाह्य सहयोग प्राप्त गर्न आवश्यक भए तापनि आफैंले आफ्नो विकास र उत्पादन वृद्धि क्षमता विस्तार गर्न प्रयत्न गर्नु सकारात्मक पक्ष हो भन्ने लाग्छ। कोरिया र नेपालबीच विकास साझेदारी परियोजना सन्दर्भमा नेपाललाई विगत १५ वर्षदेखि निरन्तर प्रमुख विकास साझेदार राष्ट्रको सूचीमा समावेश गरेर परियोजना सञ्चालन गर्दै आएको छ। यहाँ केही स्टार्टअप सम्बन्धित परियोजनाहरूका बारेमा सामान्य जानकारी दिन चाहन्छु। कोइकाले नेपाली श्रम मन्त्रालय, उद्योग मन्त्रालय तथा स्वीस सरकारसँगको सहकार्यमा सन् २०२३ बाट कोरियामा रोजगारको अनुभव लिएर स्वदेश फर्किएका आप्रवासी कामदारको स्थिर बसोबास, उद्यमशीलता विकास परियोजनालाई प्रवर्द्धन गर्दै आएको छ।

हाम्रो लक्ष्य प्रवासी श्रमिकहरूले विदेशमा श्रम गर्ने अवधिमा तयारी, वित्तीय शिक्षा र उद्यमशीलता विकास प्रशिक्षण गर्दै आएका छौं। विदेश जानुपूर्व, विदेशमा श्रम गर्ने चरण, स्वदेश फिर्ताको चरणसहित प्रत्येक चरणका लागि उद्यमशीलता विकास प्रदान गरी स्टार्टअप नवीनतम व्यवसाय सञ्चालनका बारेमा प्रोत्साहन गरिरहेका छौं। त्यसैगरी, नेपाली वित्तीय संस्थासँगको संयुक्त लगानीबाट स्वदेश फर्केका कामदारलाई कम ब्याजदरमा स्टार्टअप पूँजी उपलब्ध गराउने योजना पनि कार्यान्वयन चरणमा छौं। कोइकाको सहयोगमा एक प्रसिद्ध कोरियाली पशुपालन कम्पनीले गोर्खाको पालुङटार क्षेत्रमा बङ्गुर तथा कुखुरापालनका लागि व्यावसायिक इनक्युबेसन सेन्टर निर्माण गरेर पशुपालन क्षेत्रमा सीप हस्तान्तरण गरिरहेको छ। उक्त बङ्गुर तथा कुखुरापालनको लागि स्टार्टअपका रूपमा प्राविधिक ज्ञान हस्तान्तरण र नेपालमा आधुनिक पशुपालन व्यवसाय सञ्चालन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने लागेको छ। त्यसैगरी, कोरियाको हान्दोङ युनिभर्सिटीले त्रिभुवन विश्वविद्यालय ग्रेजुएट स्कूल अफ बिजनेससँग सहकार्य गर्दै १० वर्षदेखि सामाजिक उद्यमशीलता प्रवर्द्धनका साथै स्टार्टअपका लागि कार्यक्रम सञ्चालन गर्दै आएको छ।

यसै वर्ष दूतावासले कोरियामा रोजगारको अनुभव भएका र नेपालमा फर्किएर सफलतापूर्वक व्यवसाय गरिरहेका २६ जना व्यवसायीको वास्तविकतामा आधारित सफल व्यावसायिक कथाहरू समावेश गरी "तपाई पनि मालिक बन्न सक्नुहुन्छ" नामक पुस्तक प्रकाशित गरेको छ। हामीले ती स्टार्टअप सफलताका कथाहरूले प्रवासी श्रमिकका लागि विदेश जानुपूर्व तथा स्वदेश फर्केका विदेशमा रोजगारको अनुभव भएका कामदारहरूका लागि उद्यमशीलता प्रोत्साहनको अपेक्षा लिएर दूतावासबाट प्रकाशित पुस्तक निःशुल्करूपमा वितरण गरेका छौं। वैदेशिक रोजगारको अनुभव लिएका र नेपाल फर्किएका धेरै व्यक्तिले नेपालमा नै व्यवसाय सञ्चालन गरेर धेरैभन्दा धेरै रोजगार सिर्जना होस् भन्ने लक्ष्य लिएर सहकार्य गर्दै आएका छौं र भविष्यमा पनि निरन्तरता दिनेछौं। हामी निकट भविष्यमा नै नेपाल समृद्ध राष्ट्र भएको हेर्न चाहना लिएर विभिन्न क्षेत्रमा विकास साझेदारी कार्यक्रमहरूमा हातेमालो गर्दै आएका छौं।

अन्त्यमा,

अन्तर्राष्ट्रिय मान्यता अनुसार युवा भनेको सामान्यतया १५ देखि २९ वर्ष उमेर समूहका मानिसको समूहलाई भनिन्छ। नेपालको परिवेशमा राष्ट्रिय तथ्याङ्क विभागले प्रकाशित गरेको राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसङ्ख्याको ६१.९६ प्रतिशत १५ देखि ५९ वर्ष उमेरका रहेका छन्। त्यसैगरी, करीब ५६ लाख युवा वैदेशिक श्रम बजारमा रहेका देखिन्छन्। नेपाल युवा राष्ट्र हो। सम्पूर्ण जनसङ्ख्याको औसत उमेर २० को हाराहारी रहेको छ। नेपालमा स्टार्टअप इकोसिस्टमलाई विस्तार गर्न उत्प्रेरणा गर्ने लक्ष्यका साथ नेपालका युवालाई उद्यमशीलताका लागि आवश्यक समन्वय गर्न प्रयत्नरत छौं।

नेपालमा ससाना स्टार्टअपको माध्यमबाट रोजगार सिर्जना होस् भन्ने हाम्रो चाहना छ। सुरुआत सानो भएपनि हरेक व्यवसायको वृद्धि क्षमता असीमित हुन्छ। कोरियाको बहुराष्ट्रिय कम्पनी सामसङ एउटा सानो चामल पसलका रूपमा भएको थियो। त्यसैगरी, हुन्डाई मोटर्सले अटोमोबाइल मर्मत गर्ने सानो व्यवसाय शुरू गरेर आज विश्वव्यापी कम्पनीका रूपमा स्थान लिन सफल भएको छ। यी र यस्तै ठूला कम्पनीहरू कोरियाको उद्यमशीलता आर्थिक गतिशीलताको महत्त्वपूर्ण स्रोत बनेका छन्। नेपालमा पनि सुरुआती चरणमा ससाना व्यवसायबाट सुरुआत भएका धेरै स्टार्टअपले भविष्यमा नेपालको प्रतिनिधित्व गर्दै विश्वमा परिचय दिन सक्नेछन्। मेरो एक वर्षको अनुभवले वैदेशिक रोजगारको अनुभव भएका व्यक्तिहरूले नेपालमा कृषि, उत्पादनमूलक क्षेत्र, सेवा क्षेत्र आदिमा व्यवसाय सञ्चालन गरेर धेरै व्यक्तिलाई स्वदेशमा नै रोजगार सिर्जना गरेको र भविष्यमा पनि यो सङ्ख्या बढ्ने अपेक्षा लिएको छु। (नेपालका लागि गणतन्त्र कोरिकाली राजदूतसँग गरिएको कुराकानीमा आधारित/रासस)

### आजको राशिफल

| | |
|---|---|
| मेष – अलमल | वृष – मनोरञ्जन |
| मिथुन – सफलता | कर्कट – राज्यभय |
| सिंह – वादविवाद | कन्या – यात्रालाभ |
| तुला – कडाश्रम | वृश्चिक – ज्ञानोदय |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – धनखति | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बुक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड | पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



## सार्वजनिक सुनवाइ कार्यक्रमसम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ७, बारा जिल्ला, मधेस प्रदेशस्थित PVC Fabric र PU Fabric उत्पादन गर्ने उद्देश्य रहेको प्रेस्टिज भिनायल इन्डस्ट्रिजको उद्योगको स्थापना तथा सञ्चालन गर्नका लागि तयार गरिने प्रारम्भिक वातावरणीय परीक्षण (आइई) प्रतिवेदन उपर मिति २०८१/०४/२२ गते दिनको १:०० बजे उद्योग निर्माणस्थलमा सरोकारवालाहरूको उपस्थितिमा सार्वजनिक सुनवाइ कार्यक्रम हुन गइरहेको हुँदा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

आयोजक

प्रेस्टिज भिनायल इन्डस्ट्रिज

फोन नम्बर : ९८०१०३११७३

स्थान– जीतपुरसिमरा उपमहानगरपालिका-७, बारा जिल्ला, मधेस प्रदेश



## उदयपुर डिस्टिलरी प्रा.लि.

वीरगंज, पर्सा, नेपाल

### मूल्यसूची सम्बन्धमा सूचना

यस उदयपुर डिस्टिलरी प्रालिबाट उत्पादित मदिरा नेपालभरका लागि निम्नबमोजिम मूल्यमा यो सूचना प्रकाशित भएको मिति २०८१/०४/०१ गतेदेखि बिक्री वितरण गरिने भएको हुँदा सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा मूल्य अभिवृद्धि करसमेत समावेश गरिएको छ।

| ब्रान्डको नाम | यु.पी. शक्ति | मि.लि. | डिस्ट्रिब्युटर्स मूल्य मूअकरसमेत (प्रतिकार्टुन) | डिस्ट्रिब्युटर्स कमिशन मूल्य, मूअकरसमेत (प्रतिकार्टुन) | होलसेलर मूल्य मूअकरसमेत (प्रतिकार्टुन) | होलसेलर कमिशन मूल्य, मूअ करसमेत (प्रतिकार्टुन) | रिटेलर मूल्य मूअकरसमेत (प्रतिकार्टुन) | रिटेलर कमिशन मूल्य, मूअ करसमेत (प्रतिकार्टुन) | उपभोक्ता मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रतिकार्टुन | प्रतिबोतल |
| डान, डान एप्पल, डान ब्लैक, ब्लु राइडर | ५० | १८० | ६२०० | १५० | ६३५० | १५० | ६५०० | २२० | ६७२० | १४० |
| पैट्रन | ७० | ३०० | ११७५ | ५६.५ | १२३१.५ | ५६.५ | १२८८ | २१२ | १५०० | ५० |
| पैट्रन ब्लैक | ७० | ३०० | ११७५ | ५६.५ | १२३१.५ | ५६.५ | १२८८ | २१२ | १५०० | ५० |
| उदयपुर लिच्ची, उदयपुर एप्पल | ७० | ३०० | १०७५ | ४० | १११५ | ४० | ११५५ | १६५ | १३२० | ४४ |
| उदयपुर सौफी, उदयपुर अंगुरी | ७० | ३०० | १०२५ | ३०.५१ | १०५५.५१ | ३०.४९ | १०८६ | ११४ | १२०० | ४० |

सम्पर्क नम्बरः ९८०२९३४७१५, ९८५५०२२३७१



भारतबाट आएको एउटा टेलरको पछाडिको चक्का यसरी फुल्नुलाई एयर लिक भएको भनिन्छ। यस्तो अवस्थामा यदि टायर पड्कियो भने ठूलो दुर्घटनाको जोखिम रहन्छ। तस्वीरः सतीश महर्जन

# खेलकूदको संसार

## नेपाली महिला क्रिकेट टोली स्वदेश फिर्ता

काठमाडौं, १० साउन/रासस

एसिसी महिला एशिया कप क्रिकेट प्रतियोगिता खेल्न श्रीलङ्का पुगेको नेपाली राष्ट्रिय महिला टोली बिहीवार स्वदेश फर्किएको छ।

श्रीलङ्कामा जारी एसिसी महिला टी–२० एशिया कप प्रतियोगितामा तेस्रोपटक सहभागिता जनाएको नेपाल समूह चरणबाट बाहिरिएपछि आज स्वदेश फर्किएको हो। यस अघि नेपालले सन् २०१२ र २०१६ को एशिया कपमा सहभागिता जनाएको थियो। त्यति बेला पनि नेपालले जीत हासिल गर्न सकेको थिएन।

यसपटक नेपालले खेलेका तीन खेलमध्ये एक खेलमा जीत र दुई खेलमा पराजय भोगेको छ। पहिलो खेलमा नेपालले युएईलाई छ विकेटले हराएको थियो। एशिया कपको इतिहासमा नेपालको यो पहिलो जीत हो। त्यस्तै, नेपाल पाकिस्तानसँगको दोस्रो खेलमा नौ विकेटले पराजित भयो। तेस्रो खेलमा भारतसँग ८२ रनअन्तरले हार बेहोरेको थियो।



गौरवको आयोजनामा समेटिएको चितवनको भरतपुर महानगरपालिका–१५ स्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको बिहीवार निरीक्षण गर्दै महानगर प्रमुख रेणु दाहाल महानगरका कर्मचारी, प्राविधिक र निर्माण कम्पनीका प्रतिनिधिहरू। निर्माण कम्पनी र महानगरले संयुक्तरूपमा उक्त रङ्गशाला स्थलगत निरीक्षण गरेपछि लगत्तै काम शुरू गर्ने तयारीमा छ। तस्बिरः सनद अधिकारी/रासस

## १५ दिनसम्म मनाइने मधुश्रावणी पूजा शुरू

नितेश कर्ण, वीरगंज, १० साउन/

तराई–मधेसका नवविवाहित बेहुलीले गौरी, नागनागिनलगायतलाई पूजा गर्ने गर्छन्।



तस्वीरः प्रतीक

१५ दिनसम्म मनाउने मधुश्रावणी पूजा बिहीवारदेखि शुरू भएको छ। साउन महीनाको मैना नाग पञ्चमीदेखि शुरू भएको पूजा मिथिलाका ब्राह्मण, कायस्थ, देव तथा सोनार जातिका नवविवाहिता महिलाहरू यो व्रत बस्ने चलन छ।

माइतीमा यो पूजाको आयोजना हुने भएकोले पूजा शुरू हुने अघिल्लो दिनदेखि नै नवविवाहिता बेहुलीले आफ्ना साथीहरूसँग गाउँ डुलेर विभिन्न प्रकारका फूलपात टिपेर ल्याउने, भोलिपल्ट त्यही बासी तथा ताजा फूलपातले भगवान् शिव,

पूजा शुरू भएदेखि सम्पन्न हुने १५ दिनसम्म छिमेकी महिलाहरू व्रतालु महिलाको घरमा आउने देवीदेवताको जीवनशैलीमा आधारित गीत गाउने र एकजनाले भगवान् शिव र माता पार्वतीको जीवनशैलीमा आधारित कथा भन्ने चलन रहेको छ। यो पूजा गर्ने उद्देश्य धेरै भएपनि यस पूजामा प्रकृतिक सामग्री अनिवार्य चढाइने भएकाले यस पूजाले पर्यावरण र प्रकृतिको संरक्षण गर्न सिकाउँछ। प्रत्यक्ष–अप्रत्यक्षरूपमा संरक्षण हुँदै आएको पनि छ।

नवदम्पतीलाई प्रेम, अनुशासन, प्रकृतिको रक्षा, आफ्नो घरपरिवारप्रतिको जिम्मेवारीबोध हुने खाले कथा सुनाइने हुनाले यस पूजाले जीवनमा धेरै सहयोग गर्दै आएको आफूले महसूस गरेको वीरगंज–१ की मीना देवले बताइन्।

पूजामा चढाइने हात्ती, अहिवात (माटोको भाँडो), चारमुखे दियो, माटोको घैला, पानको पात, पान, सुपारी, सिन्दूर, बेलको पात, विभिन्न प्रकारका फलफूल, गाईको काँचो दूध, धानको लावा, मिठाइ सबै व्रतालु महिलाका पतिको घरबाट आउने र दिनहुँ चढाएर निष्ठाका साथ पूजा गर्ने चलन छ।

पूजाको सामग्रीसँगै जति दिनसम्म पूजा हुन्छ, त्यतिवटा पानका ठूलठूला पात पतिको घरबाट पठाइन्छ। पूजा गर्ने स्थान पानका पातले ढाकी दिनहुँ पूजा समापन गर्ने बेलामा फूल छर्कने चलन र हेको व्रतालु महिला प्रियङ्का कर्णले बताइन्।

पूजामा १५ दिनसम्म भनिने कथा र गीतमा मौलिकता भएको व्रतालु रोशनी झा बताउँछिन्। उनी भन्छिन्, "यस पूजाले हामीलाई दाम्पत्य जीवन सहज र सरल तरीकाले निर्वाह गर्न प्रेरणा दिने गरेको छ।"

## लागूऔषधसहित दुईजना पक्राउ

प्रस, वीरगंज, १० साउन/

वीरगंज महानगरपालिका–२५ खलवाटोलाबाट लागूऔषध नाइट्रोभ्याटसहित दुईजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

जीतपुरसिमरा उपमहानगरपालिका–७ निवासी २५ वर्षीय सुरज साह कलवार र २० वर्षीय सलमान अन्सारीलाई ५७० थान नाइट्रोभ्याटसहित पक्राउ गरिएको जिप्रका, पर्साका प्रवक्ता दीपक भारतीले बताए। दुवैजनाले जुत्ता र शरीरमा लुकाएर लागूऔषध वीरगंज ल्याउने क्रममा पक्राउ गरी लागूऔषधसम्बन्धी कसूरमा मुद्दामा अनुसन्धान भइरहेको प्रवक्ता भारतीले बताएका छन्।

## पुरुषको शव

प्रमोद यादव, पंचगावाँ, १० साउन/

पटेर्वासुगौली गाउँपालिका–२ रङ्गपुर वन कार्यालयनजीकै जङ्गलमा एकजना पुरुषको शव भेटिएको छ। सोही वडा बस्ने ५५ वर्षीय अरुण महतो उरावको शव भेटिएको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग थापाले बताए।

एक सातादेखि बेपत्ता रहेका उरावको शव बिहीवार बिहान घाँस दाउरा लिन जाने व्यक्तिले देखेपछि प्रहरीलाई खबर गरेका थिए। शवबारे अनुसन्धान भइरहेको प्रनि थापाले बताएका छन्।






## स्रोत नखुलेको रकमसहित भारतीय पक्राउ

प्रस, वीरगंज, १० साउन/

स्रोत नखुलेको चार लाख ४० हजारसहित एकजना भारतीय नागरिकलाई रौतहट प्रहरीले पक्राउ गरेको छ।

नेपालतर्फ आउँदै गरेको बिआर ३० एसी ७९१४ नम्बरको भारतीय मोटरसाइकल जाँच गर्ने क्रममा स्रोत नखुलेको चार लाख ४० हजारसहित भारत, सीतामढी, बैरगनिया–८ बस्ने ४७ वर्षीय प्रदीपकुमार वर्मालाई गौर नगरपालिका–२ भन्सार क्षेत्रबाट पक्राउ गरिएको सशस्त्र प्रहरी रौतहटका प्रहरी निरीक्षक विक्रम हुमागाईले बताए। वर्माले मोटरसाइकलको भाइजरभित्र सो रकम लुकाएका थिए। पक्राउ परेका वर्मालाई कारबाईको लागि गौर भन्सार कार्यालय बुझाएको सप्रनि हुमागाईले जानकारी गराए।

## सर्पदंशबाट बालिकाको मृत्यु

प्रस, वीरगंज, १० साउन/

ठोरी गाउँपालिका–१ मा सर्पदंशबाट एकजना बालिकाको मृत्यु भएको छ।

ठोरीसँगै सिमाना जोडिएको माडी नगरपालिका–९ हनुमान झुला घर भई ठोरी गापामा बस्दै आएका विजय थिङकी सात वर्षीया छोरी एलिसा थिङलाई बिहीवार बिहान सर्पले टोकेको थियो। सर्पले टोकेपछि उपचारको लागि वीरगंज ल्याउने क्रममा बाटोमा नै मृत्यु भएको थियो।

### केबिसी ...

जति भएपनि आफ्नो आचरणमा कहिले पनि तडकभडक नल्याएको उनी दाबी गर्छन्। विद्यार्थीहरूलाई आफ्नो ज्ञानको दायरा बढाउँदै जीवनको लक्ष्यमा अध्ययनको अहम् भूमिका हुने भएकोले अध्ययनप्रति सकारात्मक बन्न प्रेरित पार्दै आएको उनी बताउँछन्। आफूसँग भएको ज्ञान जीवनको कुन चरणमा कसरी काम लाग्छ भन्नेबारेमा करोडपति यात्राले सिकाएको उनको अनुभव छ।

करोडपति बन्दा उनले १३ वटा प्रश्नका विभिन्न चरणमा जवाफ दिएका थिए। बिहारबाट सुशील र अजयकुमार सिन्हा गरी अहिलेसम्म दुईजनाले मात्र सो कार्यक्रमबाट करोडपति भएका छन्।

### एक वर्षमा ...

पेश गरेको उनले जानकारी दिए। उक्त मस्यौदा प्रतिवेदनको प्राविधिक समीक्षा/पुनरावलोकन गरी प्रतिवेदन लगानी बोर्डसमक्ष पेश गर्नका लागि विज्ञसहितको कार्यदल गठनको प्रक्रिया अगाडिसमेत बढेको उनको भनाइ छ।

उपाध्यायले लगानी बोर्डबाट परियोजना विकास र सहजीकरणलाई सरल, व्यवस्थित र प्रभावकारी बनाउन विभिन्न स्टयान्डर्ड अपरेटिङ कार्यविधि, परियोजना समन्वय समिति गठन भएको जानकारी दिए। लगानी बोर्डमार्फत हुने सेवाप्रवाहलाई सहजीकरण गर्न प्रणाली र प्रक्रिया स्वचालित गरिएको उनले जानकारी दिए।

प्रवक्ता उपाध्यायले तेस्रो नेपाल लगानी सम्मेलनको सचिवालयका रूपमा लगानी बोर्डको कार्यालयले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गरे। "लगानी प्रवर्द्धनकै क्रममा विदेशस्थित नेपाली कूटनीतिक नियोग, नेपालस्थित विदेशी कूटनीतिक नियोग, विकास साझेदार, विभिन्न देशका लगानी प्रवर्द्धन निकाय, स्वदेशी तथा विदेशी निजी क्षेत्रका सङ्गठन, गैरआवासीय नेपाली समुदायलगायतको सहकार्यमा दर्जन बढी प्रि–इन्भेस्टमेन्ट सेमिनार, रोड–शो, बहुपक्षीय तथा द्विपक्षीय बैठक आयोजना गरिएको थियो," उनले भने, "नेपालमा लगानीका सम्भाव्यताको उजागर गर्दै तयार गरिएका विभिन्न नौवटा क्षेत्रका १५२ वटा परियोजना प्रस्तुत भएको थियो।"

बोर्डको कार्यक्षेत्रभित्र पर्ने १२ वटा परियोजना (चार ऊर्जा परियोजनासमेत)सहित कुल १९ वटा परियोजनामा आशयपत्र आह्वान गरिएकामा दुईवटा परियोजनामा आशयपत्र प्राप्त भई मूल्याङ्कन अगाडि बढेको उनको भनाइ छ। उल्लिखित प्रयासबाट नेपाललाई लगानीको उपयुक्त गन्तव्यका रूपमा चिनाउन सहयोग पुगेको र आगामी दिनमा प्रत्यक्ष विदेशी लगानी थप अभिवृद्धि हुने अपेक्षा गरिएको उनले बताए।

### बिपी स्मृति ...

गौरीशङ्कर गिरी, जुमाद्दीन शेख हवारीलगायत ज्येष्ठ नागरिकहरूलाई दोसल्ला ओढाएर सम्मान गरेका थिए।

उनले बिपी कोइरालाले सबै नेपालीले स्वास्थ्य, शिक्षा, सडकलगायतका आधारभूत आवश्यकताहरू पाउन सकून् भन्न चाहेको र अहिले सोहीअनुरूप गाउँगाउँमा विकास भइरहेको बताए। उनले नेपाली राजनीतिमा बिपी कोइरालाको भूमिका बारेमा पनि प्रकाश पारेका थिए।

नेका, पर्साका सदस्य मनोज महतोको अध्यक्षतामा भएको कार्यक्रममा क्षेत्र नं १ का सभापति अरविन्द गुप्ता, वडा नं ११ का उपसभापति जीतेन्द्रकुमार बरईलगायतको सहभागिता थियो।


## विपत्तिबाट बचौं र बचाऔं

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनर्स्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड